नीतिगत सुधार र प्रविधिमैत्री कानुन निर्माण हुनुपर्नेमा... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक ४० • २०८२ साल असार १५ गते आइतबार (29 June, Sunday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## पिताले बन्धकी लिएको भवन छोराले छुटाउँदै

**टुडे समाचारदाता**

राजविराज। सप्तरी जिल्लाको राजविराजस्थित महेन्द्र विन्देश्वर बहुमुखी क्याम्पसको हातामा जीर्ण भइसकेको कन्या छात्रावासलाई प्रदेश सरकारले बन्धकीबाट छुटाउने भएको छ।

भारतीय राजदूतावासले २०६५ सालमा सो कन्या छात्रावासको लागि १ करोड ९७ लाख रुपैयाँ बजेट दिएको थियो।

उपभोक्ता समिति मार्फत गरिएको सो भवन निर्माणमा भएको लागत रकम समितिले नपाएको भन्दै हालसम्म भवनलाई बन्धकीमा राखेको छ।

भवनका लागि विनियोजित रकम भारतीय दूतावासले उपलब्ध गराइसकेको छ । भवन निर्माण भइसकेपछि तत्कालीन जिल्ला विकास समितिले थप ३५ लाख रुपैयाँ उपलब्ध गराउने वाचा गर्दै बजेट विनियोजन गरेको थियो। तर सो रकम राजनीतिक कारणले कन्या छात्रावासको उपभोक्ता समितिलाई भुक्तानी नगरी अन्यत्र विद्यालयमा दिएपछि हालसम्म वक्यौता भनिएको ३५ लाख रकम समितिले पाउन सकेको छैन।

उपभोक्ता समिति भनिए पनि त्यसको मुख्य निर्माणकर्ता शेखर सिंह छन्। उनी लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालबाट राष्ट्रिय सभासदस्य हुन् । मधेश प्रदेशमा जनमत पार्टीबाट मुख्यमन्त्री रहेका सतीशकुमार सिंहका उनी पिता हुन्।

१७ वर्ष पुरानो भवन हाल जीर्ण भइसकेको छ । क्याम्पसको हाता भित्र रहेपनि सो भवनमा सिंहले ताल्चा लगाएका छन् । उनले हालसम्म सो भवन क्याम्पस अथवा भारतीय राजदूतावासलाई हस्तान्तरण गरेका छैनन्।

अलपत्र अवस्थामा रहेको सो भवनको कारण क्याम्पस परिसरमा अन्य काम समेत बाधित भएको छ।

> मुख्यमन्त्री सिंहले उपभोक्ता समितिको अधिनमा रहेको छात्रावासलाई वक्यौता रकम भुक्तानी गरी मर्मत सम्भार गराएर सञ्चालनमा ल्याउन प्रदेश सरकारले बजेट विनियोजन गरेको बताएका छन् ।

मुख्यमन्त्री सिंहले उपभोक्ता समितिको अधिनमा रहेको छात्रावासलाई वक्यौता रकम भुक्तानी गरी मर्मत सम्भार गराएर सञ्चालनमा ल्याउन प्रदेश सरकारले बजेट विनियोजन गरेको बताएका छन्।

'प्रदेश सरकारले शीर्षक तोकेर बजेट विनियोजन गरेकाले कानुनी प्रक्रिया पूरा गरी भवन हस्तान्तरण गरिने छ' उनले भने, जिल्ला समन्वय समितिको आफ्ना खाता नरहेकाले पूर्वाधार विकास कार्यालयको नाममा बजेट राखिएको छ।

तत्कालीन समयमा उपभोक्ता समिति, भारतीय राजदूतावास र नेपाल सरकारबीच भएको सहमति अनुसारको भ्याट रकम समेत फिर्ता नगरिएकोले भवन हस्तान्तरण हुन नसकेको मुख्यमन्त्री सतीश कुमार सिंहले बताएका छन्।

भारत सरकारको लगानीमा निर्माण भएको सो भवन समयमै निर्माण पूरा भइ हस्तान्तरण नभएको कारण भारतीय राजदूतावासले सप्तरी जिल्लालाई कालो सूचीमा राखेर विकास निर्माणको बजेट रोकेको बताइएको छ।

सप्तरी जिल्लाबाट नै जनता समाजवादी पार्टी नेपालबाट सभासद रहेका मनिष सुमनले १७/१८ वर्ष पुरानो भवनको वक्यौताको नाममा प्रदेश सरकारले रकम तिर्न बजेट नै छुट्याएर भारी भ्रष्टाचार गर्न लागेको आरोप लगाएका छन्।

भवन पूर्ण रुपमा जीर्ण भइसकेकाले त्यसको संरचना सामान्य मर्मत सम्भारबाट काम नलाग्ने उनले जनाएका छन्। छतबाट पानी चुहिने र झ्याल, ढोका समेत नरहेको भवनको वक्यौताको नाममा प्रदेश सरकारले १ करोड ८० लाख रकम विनियोजन गर्नु भन्दा ठूलो भ्रष्टाचार अन्य नहुने उनले दाबी गरे।

### प्रदेश सरकारले ओशो र निमकरोली आश्रम बनाउँदै

## पर्यटनमा एउटै योजनामा ४ ठाउँ बजेट, सीताराम र लवकुशको मूर्ति बन्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले राजधानी जनकपुरधाममा ओशो र निमकरोली बाबाको आश्रम बनाउने भएको छ।

ओशो र निमकरोली आश्रमको डीपीआर र भवन निर्माणका लागि आगामी आर्थिक वर्ष २०८२/०८३ मा बजेट विनियोजन गरेको छ।

जनमत पार्टीका ई.बसन्त कुशवाहा मन्त्री रहेको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले ओशो र निमकरोली आश्रम बनाउन बजेटको व्यवस्था रातो किताबमा गरेका छन् । निमकरोली आश्रमको डीपीआरका लागि १५ लाख र भवनका लागि ५० लाख र ओशो आश्रमका लागि ५० लाख रकम विनियोजन गरिएको छ।

५० लाखको भवन बनाउन १५ लाखको डीपीआर गर्ने बजेट राखेर ई.कुशवाहाले जनताको करमा लुट मच्चाउने बाटो खोलेका छन्।

ई.कुशवाहाले जनकपुरधामको सिक्सलेन सडकको चोकमा लवकुशको मूर्ति निर्माण र डीपीआरका लागि ६५ लाख विनियोजन गरेका छन्। त्यसैगरि जिरोमाइलमा सीतारामको मूर्ति निर्माणका लागि ६५ लाख रकम छुट्याइएको छ।

ई.कुशवाहाले एउटै योजनाको नाममा रातो किताबमा ४ ठाउँमा बजेटको व्यवस्था गरेका छन्। कयौं ठाउँमा एउटै योजनाको नाम राखेर बजेट विनियोजन गरिएको छ।

बजेट झ्वाम्म पार्न पर्यटन मन्त्री कुशवाहाले सर्वाधिक शीर्षक प्रचार प्रसारको राखेका छन् । हुन त उनले भौतिक पूर्वाधार विकास मन्त्रालयले गर्ने निर्माण कार्यहरुका लागि पनि व्यापक बजेट विनियोजन गरेका छन्।

भारतको जेलमा रहेका आशाराम बापुको आश्रमका लागि पनि प्रदेश सरकारले बजेट विनियोजन गरेको छ । आशाराम बापु बलात्कार अभियोगमा भारतको जेलमा कयौं वर्षदेखि रहेका छन् । उनलाई प्रदेश सरकारले सम्मान गर्दै आश्रम बनाउन लागेको छ।

मधेश प्रदेशमा सरकारले कुन मन्त्रालयबाट कुन काम हुने त्यसको पनि यकिन गरेको देखिदैन। सबै मन्त्रालयले सबै शीर्षकमा बजेट विनियोजन गरेको छ। बजेट विनियोजनमा मन्त्रीले जिल्लागत रुपमा एउटै कार्यका लागि प्रचार प्रसारको नाममा रकम बिनियोजन गरेको छ।

मधेश प्रदेशमा २०८३ मा भ्रमण वर्ष मनाउने घोषणा बजेटमा गरिएको छ। त्यसका लागि प्रचारकै नाममा करोडौ रुपेया बिनियोजन गरिएको छ । अनेक शीर्षक नाम राखेर रकम विनियोजन गरिएको र त्यसको लेखाजोखा राख्न समेत नपर्ने गरी व्यवस्था गरिएको छ।

जनकपुरधामका होटेलहरुको लगत राख्न सफ्टवेयर, होटेलहरुको डिजिटलाईजेशनलगायतका कयौँ शीर्षक तोकेर बजेट राखिएको छ।

प्रदेश सरकारको पर्यटन, उद्योग तथा वाणिज्य मन्त्रालयले उद्योग र वाणिज्यको क्षेत्रलाई पूर्ण रुपमा उपेक्षा गरेको छ । मधेश प्रदेशमा रहेका उद्योगहरुका लागि चाहिने जनशक्ति उत्पादन गर्न राजश्री विश्वविद्यालयको नाममा २ करोड बजेट सशर्त राखिएको छ।

> मधेश प्रदेशमा आगामी आर्थक वर्षमा पनि जनताले अनुभूति गर्ने काम हुने छैन । संघीयतालाई सराप्ने र संघीयताको पक्षमा वकालत गर्ने दुवै थरीका सरकार रहेकोले बजेट विनियोजनले समग्रमा संघीयताप्रतिको आम नागरिकको विश्वासमा अघात पुऱ्याउने काम गरिएको देखिन्छ ।

प्रदेश सरकारले पोखरीको सौन्दर्यीकरण गर्ने योजना भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत राखिए पनि पोखरीको घाट निर्माणको नाममा पर्यटन मन्त्रालयले व्यापक रुपमा बजेट विनियोजन गरेको छ । गाउँ टोलहरुमा सामुदायिक भवन, पर्खाल, जातिय धर्मशालाहरुमा बजेट छुट्टयाएर पर्यटन मन्त्रालयले मधेश प्रदेशमा 'भिजिट वर्ष २०८३' घोषणा गरेको छ।

कनिका छेर जस्तो बजेट छेर प्रदेश सरकारले रातो किताबलाई बाक्लो बनाएको छ ।तर पालिकाले समेत बजेट विनियोजन गर्न उपयुक्त नबुझेका ठाउँहरुमा प्रदेश सरकारले बजेट विनियोजन गरेको छ।


अर्थशास्त्रीहरुका अनुसार तुलनात्मक रुपमा मधेश प्रदेश सरकारको भन्दा पालिकाले ल्याएको बजेट उपलब्धिमुलक रहेको छ।

हुन त सरकारले योजना नै विचौलियाहरुसित मिलोमतो गरी बनाएको आरोप लागेको छ। चालु आर्थिक वर्षमा दलाल मार्फत योजना बिक्री गरेको सरकारले आगामी आर्थिक वर्षको योजनाहरु नै दलालको सुविधा अनुसार राखेको बताइन्छ।

मधेश प्रदेशमा आगामी आर्थक वर्षमा पनि जनताले अनुभूति गर्ने काम हुने छैन। संघीयतालाई सराप्ने र संघीयताको पक्षमा वकालत गर्ने दुवै थरीका सरकार रहेकोले बजेट विनियोजनले समग्रमा संघीयताप्रतिको आम नागरिकको विश्वासमा अघात पुऱ्याउने काम गरिएको देखिन्छ।

प्रमुख प्रतिपक्षी दल जनता समाजवादी पार्टी (जसपा) नेपालका सभासद मनिष सुमनले यस अघि मधेश प्रदेश सरकारले ल्याएको आठ वटा बजेट यस भन्दा निकै राम्रो रहेको बताएका छन् । 'यस्तो भ्रष्टाचारमुखी बजेट यस अघि कहिल्यै आएको थिएन' उनले भने, यो बजेटले समग्रमा प्रदेश सरकारले बेइज्जत गराएको छ।

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी
जनकपुरधाम स्थित होटल




ANJANI SUITE





विशेषताहरू
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फ्रेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा
Anjani Suite


लु बाट बच्ने उपायहरू




सखुवानन्कारकट्टी गाउँपालिका
सखुवानन्कारकट्टी, सिरहा, मधेश प्रदेश

### आम नागरिकमा आशा जगाउन सक्नुपर्छ :

# प्रतिनिधिसभा सदस्य सापकोटा



काठमाण्डु । प्रतिनिधिसभाको मुख्य काम विधायिकी हो । तर, विधायकी कामभन्दा पनि गैरविधायकी काम बढी हुने गरेको छ । सांसदको ध्यान प्रधानमन्त्री र मन्त्री कसरी बन्ने, आफ्नो क्षेत्रमा विकासको योजना कसरी पार्ने भन्नेमै केन्द्रित देखिन्छ । सदस्यहरू पार्टीले दिएको निर्देशनको आधारमा पार्टीकै रक्षाको निमित्त चल्ने गरेको देखिन्छ । भुइँ तहका सवाललाई सदनमा प्रवेश गराउने र त्यसबारे तर्क गर्ने कार्य कमै मात्रामा हुने गरेको छ । सामान्यतः शून्य समय र आकस्मिक समयमा जनताका समसामयिक विषयलाई ज्यादा प्राथमिकता दिएर उठाएको पाइन्छ । त्यो पनि आफ्नो निर्वाचन क्षेत्रसँग सम्बन्धित रहेर । तर, समयमै त्यसको 'रेसपोन्स' गर्ने, जवाफ फर्काउने काम भनेजस्तो प्रभावकारी हुन सकेको छैन । त्यसमा मन्त्रीहरूको कार्यसम्पादन, कार्यशैलीले निर्भर गर्छ । कतिपय मन्त्रीहरूले सदनमा उठेका सवाललाई तत्काल सम्बोधन गर्ने गर्नुभएको छ । आवश्यक पर्दा सांसदसँग छलफल गर्ने पनि गर्नुभएको छ । तर कतिपयले पटकपटक उठेका विषयको पनि सम्बोधन नगरेको पाइन्छ ।

संविधान कार्यान्वयनको अवस्था हेर्दा उत्साहजनक देखिन्न । सङ्घीय सरकारले प्रदेश र स्थानीय तहलाई अधिकार दिने सवालमा अरूचि छ । यसमा 'म शासन व्यवस्थामा रहिरहन्छु' भन्ने मनोवृत्तिले पनि काम गरेको छ । प्रदेश र स्थानीय सरकारलाई दिइयो भने गर्न सक्दैनन् भन्ने अविश्वासको अवस्था छ । यसलाई सच्याउनुपर्छ भनेर प्रतिपक्ष र सत्तापक्षकै सांसदले संसद्मा बहस पैरवी गरिरहनुभएको छ । सरकारले बजेट वक्तव्यमा पनि संविधान संशोधनको विषय राखेको छ । तर, सरकार गठन भएको ११ महिनाको अवधिमा संविधान संशोधनबारेको वहस प्रारम्भ भएको छैन । संविधान संशोधन गर्न दुईतिहाई चाहिन्छ । त्यो दुईतिहाई नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) सहित एक ठाउँमा हुँदा मात्रै हुन्छ । तर, त्यो दिशामा उहाँहरूले साच्चिकै इमान्दारीताका साथ काम गरेको देखिँदैन ।

अहिले पनि राजनीतिक अस्थिरता छ । किनभने वर्तमान सरकार बनेकै दिनदेखि प्रतिपक्षले सरकार ढल्छ भन्नुपर्ने र झण्डै दुई तिहाई सांसद रहेको कांग्रेस र एमाले मिलेर बनेका प्रधानमन्त्रीले सरकार ढल्दैन भनिरहनुपर्ने अवस्था छ । राजनीतिक अस्थिरता अन्त्य गर्न शासकीय स्वरूपमा केही न केही पुनर्विचार गर्नुपर्छ । माओवादीले सुरूआतदेखि नै भन्दै आइरहेको छ- प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली नै राजनीतिक अस्थिरताको औषधि हो । प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीय प्रणालीमा जाने हो भने पनि माओवादी तयारै छ । पूर्णसमानुपातिक निर्वाचन प्रणाली, सांसद मन्त्री हुन नपाउने, राष्ट्र प्रमुखले राजनीतिज्ञ र विज्ञबाट मन्त्री मण्डल गठन गर्ने व्यवस्थाको पैरवी माओवादीले गरिरहेको छ । यति गर्न सकियो भने सांसदको विधायकी काम मात्रै हुन्छ । सरकारले आफ्नो ढङ्गले काम गर्छ । प्रतिनिधिसभाले सरकारलाई खबरदारी गर्छ । प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारबारे संविधानमा भएको व्यवस्थाअनुसार कानुन बनाएर प्रदेश र स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनुपर्छ । प्रदेश सरकारका मन्त्रिमण्डल र कार्यशैलीबारे अहिले उठिरहेको प्रश्नको जवाफ दिँदै प्रदेश सरकारलाई पनि प्रभावकारी बनाउनुपर्छ ।

जनताका माझमा जाँदा साना र मझौला प्रकृतिका पूर्वाधार र विकास निर्माण एक खालको प्रतिबद्धता व्यक्त भएको थियो । ती अधिकांश काम स्थानीय र प्रदेश सरकारमार्फत गरिन्छ । त्यो क्रमशः भइरहेकै छ । अर्कातर्फ चीनसँगको पुरानो तातोपानी नाका खोल्ने मेरो मुख्य प्रतिबद्धता थियो । अहिले तातोपानी नाका आंशिक रूपमा सञ्चालनमा आएको छ । पूर्ण रूपमा खोल्नको लागि प्रयास जारी छ । तातोपानी नाकासम्म जाने अरनिको लोकमार्ग सम्पूर्ण रूपमा क्षतिग्रस्त थियो । त्यसका लागि आवश्यक बजेट चालु आर्थिक वर्षमा बजेटको व्यवस्था गरी निर्माण कम्पनीलाई जिम्मा लगाउने काम भएको छ ।

सिन्धुपाल्चोकको जुरे पहिरो निकै ठूलो पहिरो हो । त्यस क्षेत्रका पीडितको नाममा रहेको रकम वितरण हुन सकेको थिएन । त्यसलाई म निर्वाचित भएको आठ महिनामै वितरण गरेको छु । दीर्घकालीन र योजनाबद्ध ढङ्गबाट काम नगर्ने पहिलो समस्या छ । अर्को बाढी पहिरोग्रस्त क्षेत्रमा रहेका बस्ती स्थानान्तरणको समस्या छ । विज्ञहरूले जोखिम बनेको ठाउँबाट पनि बस्ती अन्यत्र सार्न सकिएको छैन । बाढी पहिरोको सम्बन्धमा विज्ञहरूले दिएको सुझाव कार्यान्वयन हुनुपर्ने त्यो पनि हुन सकेको छैन ।

व्यवस्था परिवर्तन भए पनि आर्थिक र सामाजिक स्थितिमा परिवर्तन आएन भन्ने नागरिकको गुनासो हो । त्यसका पछाडि मुख्य रूपमा स्वरोजगार, रोजगार, आयआर्जनको स्थिति निर्माण हुन सकेको छैन । जो स्वरोजगारीमा जान सक्छ, त्यसको वातावरण राज्यले बनाउन सकेको छैन । जो रोजगारीमा लाग्न सक्दैन, त्यसलाई रोजगारीको प्रबन्ध गर्ने राज्यको दायित्व हो । आगामी आर्थिक वर्षको बजेटले पनि रोजागारी र स्वरोजगारलाई राम्रोसँग समेट्न सकिएको छैन । संसद्भित्रै यो विषयले प्राथमिकता पाएको छैन । सुशासन सिर्जना गर्ने, सामाजिक न्यायको आधारमा आर्थिक समृद्धि हासिल गर्ने र समाजवादको आधार तयार पार्ने काममा हामीले रचनात्मक र सिर्जनात्मक भएर काम गर्न जरूरी छ । यस विषयमा राजनीतिक दल र नीति निर्माताले निकै गम्भीरतापूर्वक समीक्षा गर्नुपर्छ भन्ने मेरो बुझाइ हो ।

राजनीतिक दलको व्यवहारप्रति नागरिक असन्तुष्ट भए पनि आमरूपमा नेपाली जनता यो व्यवस्थाको विरुद्धमा वा विकल्पमा गएँ भन्ने होइन । हामीले नागरिकले अपेक्षा गरेका विषय सम्बोधन गर्न सकिरहेका छैनौँ । जनताले भनिरहेको पनि यही विषय हो । यद्यपि, गणतन्त्रको विरुद्धमा रहेकाहरू धमिलो पानीमा माछा मारेर आफ्नो अविष्ट पूरा गर्न सकिन्छ कि भनेर कहीँ न कहीँ लाग्न खोजेको देखिन्छ ।

भविष्य देशमै छ, भन्ने आशावाद सिर्जना गर्नुपर्छ । आजको भूमण्डलीकरण (ग्लोबलाइजेशन) को अवस्थामा एक देशबाट अर्को देशमा नागरिक जान्छन् भने त्यो कुरालाई धेरै ठूलो अनौठो मान्नुहुँदैन । तर, देशभित्रै भविष्य नदेख्ने, आफ्नो देशभित्र भन्दा कठोर परिश्रम गर्नुपर्ने अरु राष्ट्रमा भविष्य देख्नु डर लाग्दो कुरा हो । त्यसैले हामीले राज्यका तर्फबाट र नीति निर्माताका तहबाट आमनागरिकमा संसारको जुन कुनामा पुगे पनि मेरो अन्तिम भविष्य आफ्नै देशभित्र छ भन्ने कुराको भावना पैदा गर्न सक्नुपर्छ । रासस

> सांसदको ध्यान प्रधानमन्त्री र मन्त्री कसरी बन्ने, आफ्नो क्षेत्रमा विकासको योजना कसरी पार्ने भन्नेमै केन्द्रित देखिन्छ ।

# चुरेका नाङ्गा डाँडामा हरियाली अभियान

सिरहा । जिल्लास्थित चुरे क्षेत्रका नाङ्गा डाँडाहरू हरियालीमा बदलिने भएका छन् । डिभिजन वन कार्यालय सिरहाले राष्ट्रिय वृक्षरोपण दिवसको अवसर पारेर लहान, गोलबजार, मिर्चैया, कर्जनालगायतका चुरे क्षेत्रमा एकसाथ वृक्षरोपण अभियान थालेको हो ।

लहान नगरपालिका-१५ मा पर्ने झौवाई खोल्सी चुडियाडाँडा सामुदायिक वन क्षेत्रको खाली जग्गामा वन कार्यालयको संलग्नतामा शनिबार टिक, बाँसपाते, गोल्डमोहर, जामुन, अम्बकलगायत एक हजार ५०० बढी बिरुवा रोपिएका सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष लगनलाल चौधरीले जानकारी दिनुभयो । उक्त बिरुवाको संरक्षण उपभोक्ता समितिले गर्ने उहाँले स्पष्ट पार्नुभयो ।

लहान-१५ को कोइरालो खोला सामुदायिक वन उपभोक्ता समितिले पनि आँप, कागतीलगायत करिब ५०० फलफूलका बिरुवा वनभित्रको खाली क्षेत्रमा रोपेको समितिका अध्यक्ष रुद्र नारायण चौधरीले बताउनुभयो ।

'एक नागरिक, एक बिरुवा' भन्ने नारासहित यो महाअभियानले चुरे क्षेत्रका उजाड डाँडाहरूलाई फेरि हरियालीमा परिणत गर्ने लक्ष्य लिएको डिभिजन वन कार्यालयले जनाएको छ । कार्यालयका प्रमुख शैलेन्द्रकुमार मिश्रले भन्नुभयो, "स्थानीय तह, सामुदायिक वन उपभोक्ता समिति र नागरिक समाजको सहकार्यमा थालिएको अभियानले चुरेको वातावरणीय संरक्षणमा ठूलो टेवा पुग्ने विश्वास लिएका छौँ ।"

चुरेको नाङ्गा डाँडामा गरिएको वृक्षरोपणलाई दिगो रूपमा संरक्षण गर्न आवश्यक रहेको भन्दै उहाँले ती बिरुवालाई जोगाएर हुर्काउने र वन क्षेत्रलाई स्थायी रूपमा हरियाली बनाउने कार्यमा स्थानीय सामुदायिक वन समितिसँग समन्वय र सहकार्य गर्दै अघि बढ्ने स्पष्ट पार्नुभयो । उहाँले माटोको कटान, भू-क्षय, पानीको अभावलगायत समस्या समाधान गर्न वृक्षरोपणले सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।



"चुरे पहाड र मधेशबीचको सम्बन्ध केवल भौगोलिक मात्र होइन, जलवायु, जलस्रोत, कृषि, जीविकोपार्जन र वातावरणीय सुरक्षासँग गाँसिएको विषय हो", वातावरणविद् उमेश यादवले भन्नुभयो, "चुरे संरक्षित रह्यो भनेमात्र मधेस सुरक्षित रहन्छ । कृषि उत्पादन बढ्छ, बाढी र सुक्खा हुनेक्रम घट्छ । भविष्यका पुस्तालाई शुद्ध हावा र पानी उपलब्ध गराउन सकिन्छ । त्यसैले चुरे संरक्षणका लागि गम्भीर, दीर्घकालीन र समन्वित कदम चाल्न आवश्यक छ ।"रासस

# सशस्त्र प्रहरीद्वारा ३८ करोड मूल्य बराबरका भन्सार छलीका सामान बरामद



वीरगञ्ज ।सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साले चालु आर्थिक वर्षको ११ महिनामा रु ३८ करोड २७ लाख ७९ हजार आठ सय ९० मूल्य पर्ने भन्सार छली तथा बिलबीजक नभएको सामान बरामद गरेको छ ।

सीमा सुरक्षामा खटिने सशस्त्र प्रहरीले सक्रियता बढाएसँगै गत आर्थिक वर्षको १२ महिनाको तुलनामा चालु आवको असार १० गतेसम्मको अवधिमा भने तीन करोड ९० लाख ४४ हजार छ सय ६ मूल्य पर्ने भन्सारछली तथा बिलबीजक नभएका सामान बरामद गरेको छ ।

सशस्त्र प्रहरी बल नेपाल १३ नम्बर गणका गणपति राधेश्याम धिमालले गत आव भरिको तुलनामा चालु आर्थिक वर्षको ११ महिना १० दिनको अवधिमा भन्सार छली गरेर भित्राइने वस्तु तथा सामानको बरामद उल्लेखनीय रुपमा वृद्धि भएको जानकारी दिनुभयो ।

"गत आव भरिमा भन्सार छली गरेर भित्रिएका १४ करोड ९९ लाख पाँच हजार पाँच सय २८ मूल्य बराबरका अवैध समान वीरगन्ज भन्सार कार्यालयलाई बुझाएका थियौं," उहाँले भन्नुभयो,"चालु आवमा भने भन्सार छली गरेर भित्रिएका २७ करोड ५६ लाख ५६ हजार चार सय ८७ रकम मूल्य पर्ने अवैध सामान भन्सार वीरगञ्ज कार्यालयमा दाखिला गरेका छौं ।"गणपति धिमालले सशस्त्र प्रहरीले भन्सार कार्यालयसँगको सहकार्यमा शंकास्पद गोदामको नियमित अनुगमनको क्रममा भन्सार छलीका सामान बरामद हुने क्रम ह्वातै बढेको बताउनुभयो ।"हामीले भन्सार छली गरेर ल्याउनेलाई सुक्ष्म निगरानीमा राख्दै आइरहेका हुन्थ्यौं,"उहाँले भन्नुभयो,"भन्सार कार्यालयसँगको समन्वयमा छापा मार्दा पनि उल्लेखनीय मात्रामा भन्सार छलीका सामान बरामद भएका हुन् ।"

सशस्त्र प्रहरीले बिलबीजक नभएका सामान भने राजस्व अनुसन्धान कार्यालय पथलैयाँ बुझाउँदै आइरहेको छ ।

सशस्त्र प्रहरीले चालु आवको जेठ १० गतेसम्मको अवधिमा बिलबीजक नभएका १० करोड ७१ लाख २३ हजार चार सय तीन मूल्य पर्ने सामान राजस्व अनुसन्धान कार्यालय पथलैया बुझाएको छ । जबकी गत आवभरिमा भने सशस्त्र प्रहरीले बिलबीजकअनुसार नभएका १९ करोड ३८ लाख २९ हजार सात सय ५६ मूल्य पर्ने सामान बरामद गरेर राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको जनाएको छ । गणपति धिमालले सीमा सुरक्षामा खटिने प्रहरीले सक्रियता बढाएसँगै राजस्व सङ्कलनमा पनि तिव्रता पाएको बताउनुभयो ।

"सशस्त्र प्रहरीले सक्रियता बढाएसँगै अवैध चोरी पैठारी गरेर भित्रिने लत्ताकपडा, इलेक्ट्रोनिक्स सामान, हार्डवेयर, मोटरपार्ट्स, खाद्यान्न पदार्थ र किरानाका सामान बरामद हुने क्रम बढेको छ," उहाँले भन्नुभयो,"पछिल्लो समय सशस्त्र प्रहरीले सीमा नाकामा सीसीक्यामेरा, नाकामा तालिमप्राप्त कुकुर पनि खटाएर जाँच गर्दै आएकाले पनि अवैध सामानको बरामद हुने क्रममा तिव्रता पाएको हो ।" सशस्त्र प्रहरीले चालु आवमा स्रोत नखुलेको (हुण्डी) एक करोड १५ लाख ९४ हजार पाँच सय २२ रकम पनि बराबद गरेको छ ।

गत आव भरिमा सशस्त्र प्रहरीले रु ७९ लाख २६ हजार दुई सय ६५ स्रोत नखुलेको रकम बरामद गरेको छ । त्यस्तै चालु आवमा ४२ लाख मूल्य पर्ने एक हजार पाँच सय ९६ क्यूफिट काठ बरामद गरेको छ । गत आवभरिमा भने ४० लाख ९३ हजार तीन सय ५५ मूल्य पर्ने एक हजार पाँच सय ५४ क्यूफिट काठ बरामद गरेको छ ।रासस

# भुस भरेको बोरामा गाँजासहित चार जना पक्राउ



**टुडे समाचारदाता**

बारा । बाराको परवानीपुर गाउँपालिका-५ स्थित बहुअरीबाट गाँजा २१२ किलो ९२८ ग्राम सहित ४ जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय बारा, इलाका प्रहरी कार्यालय प्रसौनी र इलाका प्रहरी कार्यालय सिमराबाट खटिएको प्रहरीले हेटौँडाबाट बारातर्फ जाँदै गरेको प्र.३-०१-०२४ च ४६३० नम्बरको पिकअप गाडी जाँच गर्ने क्रममा धानको भुस भरेको बोरामा लुकाई ल्याएको उक्त परिमाणको गाँजासहित उनीहरूलाई आज पक्राउ गरिएको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार मकवानपुर थाहा नगरपालिका-४ पालुङका २८ वर्षीय रवि कार्की, मकवानपुर नगरपालिका-१२ टिसटुङका ४६ वर्षीय वीरबहादुर गोले, हेटौँडा उपमहानगरपालिका-१४ उतरपानीका २३ वर्षीय साजन मुक्तान र धादिङ थाक्रे गाउँपालिका-७ आपसी चोकका ३१ वर्षीय महेश तामाङलाई पक्राउ गरिएको छ ।

# असारको तेस्रो साताभित्रै भुक्तानी माग गर्न अनुरोध

वीरगञ्ज । पूर्वाधार विकास कार्यालय वीरगञ्जले चालु आर्थिक वर्ष २०८१/८२ मा सम्झौता भएका योजनाहरूको भुक्तानी चालु आर्थिक वर्ष सम्पन्न हुनुभन्दा एक साताअघिसम्म मात्र भुक्तानी हुने जनाएको छ ।

कार्यालयले आव २०८१/८२ मा सम्झौता भएका योजनाहरूको भुक्तानीको लागि आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम, ३० (७) र (८) बमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगाडीसम्म मात्र भुक्तानी हुने बताएको छ ।

पूर्वाधार विकास कार्यालय वीरगञ्जका कार्यालय प्रमुख लालबाबु रायले असार महिनामा भुक्तानी कार्यमा अत्यधिक चाप हुने र आइपिएफएम प्रणालीमा पनि सोहीअनुरूप चाप पर्ने भएकाले यस कार्यालयमा सम्झौता भएका योजनाहरूको भुक्तानीको लागि आवश्यक कागजातहरू तोकिएको समयभित्रै पेस गर्नका लागि अनुरोध गर्नुभएको छ ।

"भुक्तानीका लागि आवश्यक पर्ने निवेदन, बिल भर्पाइ, अनुसूची फारमहरू, मूल्याङ्कन बिलसहित यस कार्यालयमा २०८२ साल असार १८ गतेसम्म आवश्यक कागजातसहित निवेदन दिनुहुन अनुरोध छ", प्रमुख रायले भन्नुभयो, "तोकिएको समयभित्र दर्ता हुन नआएमा कार्यालय जवाफदेही नहुन । रासस

### सच्याइएको

जनकपुर टुडेको २०८२ असार १४ गते पृष्ठ ८ मा प्रकाशित 'चुरेमा सिंहदरबार' शीर्षकको ब्लगमा युएनडिपी हुनु पर्नेमा अन्यथा हुन गएकोले सच्याइएको छ । - सं.

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : जमिन सम्बन्धी लेनदेनमा अगाडि बढ्दा राम्रो छ ।
वृष : शिक्षामा गरेको श्रमलगानीबाट फाइदा हुनेछ ।
मिथुन : आफूले गरेको काममा भने सन्तोष मिल्नेछ । झुठा आरोप लाग्नसक्छ ।
कर्कट : नसोचेको सम्पत्ति आम्दानी हुनेछ । शत्रु पराजित हुनेछन् ।
सिंह : साथीभाईबाट सहयोग मिल्नेछ । प्रेम सम्बन्ध सुमधुर रहनेछ ।
कन्या : अरु क्षेत्र सामान्य रहेपनि दाम्पत्य जीवन धेरै राम्रो छ ।
तुला : शिक्षाको क्षेत्रमा मानसम्मान बढ्नेछ । प्रेममा सफलता मिल्नेछ ।
वृश्चिक : धार्मिक क्षेत्रमा मन जानेछ । सहयोग गर्नेहरु बढ्नेछन् । खुशी मिल्नेछ ।
धनु : व्यापार व्यावसायमा ठुलो लगानी नगर्नुहोला । खर्च बढ्नेछ ।
मकर : रोकिएका कामहरु बन्नेछन् ।
कुम्भ: मातापिताको सम्झना गर्दा काममा सफलता मिल्नेछ ।
मीन : काममा फाइदा मिल्नेछ । आर्थिक लाभ मिल्नेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



वीरगञ्ज महानगरपालिका- १० मा अवस्थित घडिअर्वा पोखरी। वीरगञ्ज घुम्न आउने पर्यटकको रोजाइमा यो पोखरी पर्दै आइहेको छ। तस्विरः रासस

# श्रमिकको स्वास्थ्य रक्षाको नेपाली मुद्दामा समर्थन जुटाउन स्वास्थ्य मन्त्री पौडेलको पहल



काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप पौडेलले विश्व स्वास्थ्य सङ्गठनमा नेपालका तर्फबाट प्रस्ताव गरिएको श्रमिकको स्वास्थ्य रक्षाका मुद्दालाई प्रभावकारी बनाउन संवाद अघि बढाउनुभएको छ ।

सङ्गठनका कार्यकारी समिति सदस्य समेत रहेको नेपालले यस मुद्दा आगामी महासभामा लैजान गृहकार्य गरिरहेको छ। यसै सन्दर्भमा थाइल्याण्डको बैंककस्थित राष्ट्रसङ्घीय सम्मेलन केन्द्रमा मन्त्री पौडेलले सङ्गठनकी दक्षिणपूर्वी एसिया क्षेत्रीय निर्देशक साइमा वाजेदसँग नेपालको एजेण्डाको तयारी र यसमा जुटाउन सकिने विश्व समर्थनबारे विषय उठान गर्नुभयो ।

मन्त्री पौडेलले भन्नुभयो, "हाम्रा धेरै श्रमिक अहिले रोजगारीका क्रममा बाहिर छन् । उनीहरुको स्वास्थ्य समस्या हाम्रा लागि चिन्ताको विषय बनेको छ । सबै श्रमिक देशका साझा समस्यालाई सम्बोधन गर्न पर्याप्त गृहकार्य आवश्यक छ ।" जवाफमा निर्देशक वाजेदले नेपालको एजेण्डामा समर्थन जुट्ने विश्वास गर्दै आफ्ना तर्फबाट समन्वयात्मक पहल हुने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

हालै सम्पन्न विश्व स्वास्थ्य सङ्गठनको महासभामा नेपालले आगामी महासभामा नेपाली श्रमिकले भोगिरहेको स्वास्थ्य समस्या सम्बोधन गर्नसबैश्रमिककोस्वास्थ्यकोजिम्मेवारी रोजगारदाताले लिनुपर्ने प्रस्ताव पठाएको थियो । जसलाई आगामी महासभामा नेपालका तर्फबाट पेस गरिनेछ ।

मन्त्री पौडेलले हालै मात्र शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा विदेशबाट फर्किएका श्रमिकको निःशुल्क परीक्षण तथा नियमित भर्चुअल स्वास्थ्य सेवा दिन गरेको निर्णय कार्यान्वयनमा आइसकेको छ ।रासस

# सांसदहरूको सुझावः आन्तरिक उत्पादन र कर प्रणाली सुधार आवश्यक



काठमाण्डु । सांसदहरूले आन्तरिक उत्पादन वृद्धिदेखि कर प्रणालीको सुधार आवश्यक रहेको धारणा व्यक्त गर्नुभएको छ ।

प्रतिनिधिसभाको शनिबारको बैठकमा आर्थिक विधेयक, २०८२ माथि प्राप्त संशोधनसहितको छलफलमा सहभागीहरुले उक्त धारणा राख्नुभएको हो ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले आन्तरिक उत्पादन बढाएर आयात प्रतिस्थापन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "हरित कर लगाउने प्रस्ताव आवश्यक छैन, प्रदूषण कर लागू गरेर हरित सहर निर्माण गर्नुपर्छ, मदिरा र सुर्तीको प्रयोग अन्त्य गर्ने वातावरण बनाउनुपर्छ ।" उहाँले सरकारको प्रत्यक्ष संलग्नतामा जलविद्युत् र सिँचाइ परियोजनाहरू सञ्चालन गर्नुपर्नेमा पनि जोड दिनुभयो ।

सांसद प्रभु साहले ठूला वर्गहरुलाई पनि करको दायरामा ल्याउन माग गर्नुभयो । "सामान्य किसानलाई कर तिर्न बाध्य बनाइन्छ, तर ठूला पेशागत व्यक्तिहरू करको दायरामा पर्दैनन्", उहाँले भन्नुभयो, "करको दायरा बढेको भए पनि राजस्व असुलीमा ठूलो घोटाला छ ।"

सांसद रणेन्द्र बरालीले सुनचाँदीजस्ता गहनालाई विलासी वस्तुको सूचीमा राखेर कर लगाउन नहुने तर्क गर्नुभयो । "जन्मदेखि मृत्युसम्म सुनचाँदी चाहिन्छ, ठूला होटेलका महङ्गा र विलासी वस्तुसँग तुलना गरेर गहनामा विलासी शुल्क लगाउनु अव्यवहारिक छ", उहाँले भन्नुभयो, "विदेशबाट तोकिएको मात्राभन्दा बढी सुन ल्याएमा जफत गरिने व्यवस्था मजदुरवर्गमाथि अन्याय हो । त्यसलाई खारेज गर्नुपर्छ ।"

सांसद नारायणी शर्माले जडीबुटी उत्पादनलाई प्रोत्साहन गरी जडीबुटीजन्य उद्योगको प्रवर्द्धन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले देशको अर्थतन्त्र सुधारका लागि प्राकृतिक स्रोतको सदुपयोग आवश्यक रहेको उल्लेख गर्नुभयो । सांसद छिरीङ डम्डुल लामाले विलासी वस्तुअन्तर्गत २ प्रतिशत करले सुनचाँदी तथा हिरा व्यवसाय प्रभावित हुने बताउनुभयो ।

सांसद शक्तिबहादुर बस्नेतले आय-व्ययको तालमेल नमिलेको तथा विधेयकमा समेटिएका तथ्याङ्क यथार्थपरक नभएको टिप्पणी गर्नुभयो । "सामाजिक न्यायका मूल्यहरू कमजोर हुँदै गइरहेका छन्, बृद्धभत्ताको उमेरसमेत घटाइएको छ, यस्तो अवस्थामा कर प्रणालीलाई प्रगतिशील बनाउन जरुरी छ", उहाँले भन्नुभयो । सांसद माधव सापकोटाले नागरिकले कर तिर्नुपर्ने भए पनि राज्यले सामाजिक उत्तरदायित्व पूरा गर्न नसकेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "कर तिर्दा नागरिकले संरक्षकत्वको प्रत्याभूति पाउनुपर्छ, तर सामाजिक सुरक्षाको भत्ता घटाइएको छ, जुन उचित निर्णय होइन ।"

सांसद रुपा सोशी चौधरीले आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नुपर्ने बताउँदै आर्थिक नीति सरल नहुँदा नेपालमा धेरै उद्योग बन्द भइरहेको उल्लेख गर्नुभयो । उहाँले उद्योग प्रवर्द्धनमा सरकार गम्भीर हुनुपर्नेमा जोड दिनुभयो । सांसद वर्षमान पुनले सुनचाँदीलाई विलासी वस्तुको सूचीबाट हटाउनुपर्ने सुझाव दिँदै कर बृद्धि गर्ने नीति गलत रहेको बताउनुभयो । उहाँले औषधिजन्य वस्तुहरूमा मूल्य अभिवृद्धि कर (भ्याट) हटाउनुपर्ने धारणा राख्नुभयो ।

सांसद अमनलाल मोदीले स्वदेशी उत्पादनलाई प्रोत्साहन दिनुपर्ने भन्दै त्यसमार्फत रोजगारी सिर्जना र राजस्व वृद्धिमा सहयोग पुग्ने धारणा व्यक्त गर्नुभयो । सांसद डा प्रकाशशरण महतले सुन आयातमा रहेको कोटा प्रणाली हटाउनुपर्ने माग गर्नुभयो । "सुनचाँदीजस्ता वस्तुमा कर लगाउनु हुँदैन । कुन वस्तुमा कर लगाउने भन्ने स्पष्ट नीति आवश्यक छ," उहाँले भन्नुभयो, "आन्तरिक उत्पादन र रोजगारी बृद्धि भएमा करको दायरा स्वाभाविक रूपमा विस्तार हुन्छ ।" छलफलमा सांसद भगवती चौधरी, रञ्जुकुमारी झालगायतले पनि आ-आफ्ना धारणा राख्नुभएको थियो ।

**प्राकृतिक जोखिममा परेकालाई उद्धार र क्षतिपूर्ति दिन सांसदहरूको आग्रह**

प्रतिनिधिसभाको बैठकमा सांसदहरूले प्राकृतिक जोखिममा परेकालाई तत्काल उद्धार गरी उचित क्षतिपूर्ति र राहत प्रदान गर्न आग्रह गर्नुभएको छ ।

बैठकको आकस्मिक समयमा बोल्दै उहाँहरूले नेपाल प्राकृतिक रूपमा उच्च जोखिम रहेकाले विपद् न्यूनीकरणमा आवश्यक समन्वयको आवश्यकता औँल्याउनुभयो ।

सांसद अर्जुन नरसिंह केसीले असार १२ गते अविरल वर्षासँगै आएको बाढीले बगाउँदा ककनी गाउँपालिका-१ कागतीगाँउस्थित भसीबुमा एक महिलाको मृत्यु र एक पुरुष गम्भीर घाइते भएका जनाउँदै मृत्यु भएकालाई क्षतिपूर्ति तथा र घाइतेको उपचार, राहत र पुनःस्थापना गर्न माग गनुभयो । उहाँले जोखिम न्यूनीकरणका लागि प्रदेश र स्थानीय सरकारबीच आवश्यक समन्वय हुनुपर्ने बताउनुभयो ।

सांसदद्वय विमला सुवेदी र हितबहादुर तामाङले मनसुनजन्य विपद् न्यूनीकरणमा सरोकार भएका निकायबीच सहकार्य र समन्वय हुनुपर्ने बताउँदै जोखिममा परेकालाई तत्काल उद्धार र क्षतिपूर्ति दिन सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँहरूले मानवीय क्षतिसँगै चौपाया र तरकारीखेती नष्ट भएको भन्दै उपचार, क्षतिपूर्ति र राहतका लागि माग गर्नुभयो ।

सांसद रामहरि खतिवडाले वर्षातको मौसम सुरु भएसँगै ठाउँठाउँमा बाढीपहिराले सडक, राजमार्ग अस्तव्यस्त बनाएको बताउनुभयो । उहाँले भन्नुभयो, "असारे विकासले थप अप्ठ्यारो बनाएको छ । ७७ जिल्लामा विपद् तथा क्षति न्यूनीकरणका लागि तयारी अवस्थामा रहन गृह मन्त्रालयले आवश्यक तयारी गर्नुपर्छ ।"

सांसद माधव सापकोटाले सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-५ की १२ वर्षीया बालिकाको बलात्कारपछि भएको हत्याले स्तब्ध बनाएको बताउँदै दोषीलाई अधिकतम कारबाही गर्न, पीडित परिवारलाई शीघ्र राहत, न्यायिक सहायता र मनोवैज्ञानिक परामर्श दिनुपर्ने माग गर्नुभयो । रासस

> सांसद रणेन्द्र बरालीले सुनचाँदीजस्ता गहनालाई विलासी वस्तुको सूचीमा राखेर कर लगाउन नहुने तर्क गर्नुभयो । "जन्मदेखि मृत्युसम्म सुनचाँदी चाहिन्छ, ठूला होटेलका महङ्गा र विलासी वस्तुसँग तुलना गरेर गहनामा विलासी शुल्क लगाउनु अव्यवहारिक छ", उहाँले भन्नुभयो, "विदेशबाट तोकिएको मात्राभन्दा बढी सुन ल्याएमा जफत गरिने व्यवस्था मजदुरवर्गमाथि अन्याय हो । त्यसलाई खारेज गर्नुपर्छ ।"

# प्रधानमन्त्रीद्वारा स्पेनको औपचारिक भ्रमणबारे सदनलाई जानकारी

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले आजदेखि सुरु हुने आफ्नो स्पेन भ्रमणबारे सङ्घीय संसद्लाई जानकारी गराउनुभएको छ ।

प्रतिनिधिसभाको शनिबारको बैठकमा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले संयुक्त राष्ट्रसङ्घको 'विकासका लागि वित्त (फाइनान्सिङ फर डेभलपमेण्ट) चौथो अन्तरराष्ट्रिय सम्मेलन'मा सहभागी हुन आफू नेतृत्वको प्रतिनिधिमण्डल शनिबार साँझ स्पेनको औपचारिक भ्रमणमा जान लागेको जानकारी गराउनुभयो ।

प्रधानमन्त्री ओलीले शनिबार असार १४ गते साँझ ६ बजे दोहा हुँदै स्पेनको यात्रा गर्न लागिएको बताउनुभयो । प्रधानमन्त्री स्पेनको राजधानी म्याड्रिडमा यही असार १५ गते बिहान पुग्ने तालिका छ । भ्रमण दलमा २१ सदस्य हुनुहुन्छ । प्रधानमन्त्री ओलीले सम्बोधनका क्रममा नेपालको राष्ट्रिय हित प्रतिविम्बित गराउन आफूले भूमिका निर्वाह गर्ने बताउनुभयो ।

स्पेनको सेभिया सहरमा आयोजना हुने अन्तरराष्ट्रिय सम्मेलन एक दशकमा एकपटक आयोजना गरिन्छ । संयुक्त राष्ट्रसङ्घको महासभामा जस्तै यस सम्मेलनमा सदस्य राष्ट्रका सरकार तथा राष्ट्र प्रमुखहरुको सहभागिता हुँदै आएको छ ।

प्रधानमन्त्री ओलीले भ्रमणको दोस्रो दिन, यही असार १५ गते दिउँसो करिब ४ बजे स्पेनको सेभियामा नागरिक समाजले आयोजना गरेको प्लेनरीको समापनसत्रमा सम्बोधन गर्ने कार्यक्रम रहेको जानकारी गराउनुभयो ।

उक्त दिन साँझ ५ बजे प्रधानमन्त्री ओली र स्पेनका प्रधानमन्त्री (स्पेन सरकारका अध्यक्ष) पोद्रो साञ्चेजबीच भेटवार्ता हुनेछ । असार १५ नै प्रधानमन्त्री ओली स्पेनका नरेशद्वारा राष्ट्र प्रमुख तथा सरकार प्रमुखहरुको स्वागतमा आयोजना गरिने रात्रिभोजमा सहभागी हुनुहुनेछ ।

भ्रमणको तेस्रो दिन प्रधानमन्त्री ओली सम्मेलनको उद्घाटन सत्रमा सहभागी हुनुहुनेछ । सोही दिन अपराह्न गेट्स फाउण्डेशनले आयोजना गर्ने विकास सहयोगको भविष्यका लागि स्वतन्त्र आयोगको घोषणा कार्यक्रमलाई प्रधानमन्त्री ओलीले सम्बोधन गर्नुहुनेछ ।

साथै सोही दिन दिउँसो मित्रराष्ट्र स्टोनियाका राष्ट्रपति अलार कारिस र प्रधानमन्त्री ओलीबीच द्विपक्षीय बैठक हुनेछ भने दिउँसो प्रधानमन्त्री ओलीले अल्पविकसित राष्ट्रहरु (एलडिसी)को अध्यक्षको हैसियतमा सम्मेलनलाई सम्बोधन गर्ने कार्यतालिका छ ।

सोही दिन इजिप्टका प्रधानमन्त्री डा मोस्तफा कमाल माडबुली, पोर्चुगलका प्रधानमन्त्री लुइ मोन्टेनेग्रोसँगको द्विपक्षीय बैठक हुनेछ भने संयुक्त राष्ट्रसङ्घ महासचिव एन्टोनियो गुटरेससँग पनि बैठक हुने कार्यतालिका छ । सोही दिन प्रधानमन्त्री ओली स्पेन सरकारका अध्यक्ष (प्रधानमन्त्री) द्वारा दिइने औपचारिक रात्रिभोजमा सहभागी हुनुहुनेछ ।

भ्रमणको चौथो दिन असार १७ गते प्रधानमन्त्री ओलीले अल्पविकसित मुलुकहरुको उच्चस्तरीय बैठकमा अध्यक्षता गर्दै मन्तव्य दिनुहुनेछ । स्पेन सरकारका अध्यक्ष महामहिम पेद्रो साञ्चेजद्वारा आयोजना गरिने वैश्विक ऐक्यबद्धतामा लगानीः विकास सहयोगको नयाँ दृष्टिकोण शीर्षकको उच्चस्तरीय साइड-इभेन्टमा पनि प्रधानमन्त्री ओलीले सम्बोधन गर्नुहुनेछ जनाइएको छ ।

तत्पश्चात नेपाल सरकार, बङ्गलादेश, लाओ र संयुक्त राष्ट्रसङ्घ आवासीय संयोजक (युएनआरसी)को संयुक्त आयोजनामा हुने अल्पविकसित देशबाट दिगो स्तरोन्नतिका लागि सशक्त सहनशीलता तथा जलवायु वित्तीय व्यवस्था (इम्पाओरिङ रेजिलेन्स, क्लाइमेट स्मार्ट फानान्सिङ फर सस्टेनेवल एलडिसी ग्राजुएशन) उच्चस्तरीय साइड-इभेन्टलाई सम्बोधन गर्ने कार्यक्रम रहेको प्रधानमन्त्री ओलीले जानकारी गराउनुभयो ।

सोही दिन नेपाल र बुरुण्डीद्वारा सहआयोजना गरिने राष्ट्रप्रमुख तथा सरकार प्रमुखहरुको पहलमा पानी तथा सरसफाइ वित्तीय स्रोतको प्रवाह शीर्षकको कार्यक्रममा पनि प्रधानमन्त्री ओलीले सम्बोधन गर्नुहुनेछ । साथै सोही दिन दिउँसो अन्तरराष्ट्रिय विकास सहयोगको पुनर्जीवन कार्यक्रममा पनि उहाँले सम्बोधन गर्नुहुनेछ भने राति ८ बजे स्पेनका लागि नेपाली राजदूतले आयोजना गर्नुहुने रात्रिभोजमा पनि प्रधानमन्त्री ओली सहभागी हुने कार्यतालिका छ ।

पाँचौँ दिन, असार १८ गते प्रधानमन्त्री सेभियाबाट म्याड्रिडमा आयोजना हुने कार्यक्रममा सहभागी हुनुहुनेछ भने नेपाल-स्पेन विजनेश तथा लगानी प्रवर्द्धन कार्यक्रमलाई सम्बोधन गर्नुहुनेछ ।

भ्रमणको छैटौँ दिन यही असार १९ गते स्वदेश फर्किनुअघि प्रधानमन्त्री ओलीले रियल म्याड्रिड फुटबल क्लबका अधिकारीहरुसँगको भेटघाट र साण्टियागो वर्नावाउ रङ्गशालाको अवलोकन गर्नुहुनेछ। साथै स्पेनमा रहेका नेपाली समुदायसँगको भेटघाट गरी सोही दिन दोहा हुँदै प्रधानमन्त्री ओली स्वदेश फर्कनुहुनेछ तालिका छ ।





**एसइईको नतिजामा सुधार विद्यार्थी र शिक्षकको मेहनतले आएको होः प्रधानमन्त्री ओली**

प्रधानमन्त्री केपी शर्मा ओलीले माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजामा आएको सुधार विद्यार्थी र शिक्षकको मेहनतका कारणले सम्भव भएको बताउनुभएको छ । प्रतिनिधिसभाको बैठकमा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले आगामी वर्ष अहिलेको तुलनामा अझ राम्रो नतिजा ल्याउनका लागि प्रयास गरिने समेत उल्लेख गर्नुभयो ।

सइईको नतिजामा सुधार ल्याउन मेहनत गर्ने विद्यार्थी र शिक्षकलाई शुभकामना व्यक्त गर्दै उहाँले भन्नुभयो, "धेरै वर्षपछि एसइईको नतिजामा सुधार देखिनु खुसीको अवसर हो, ४८ प्रतिशतभन्दा कमको अवस्थाबाट ६१ दशमलव ८१ प्रतिशत सफल हुनु राम्रो हो ।"

प्रधानमन्त्री ओलीले यो नतिजामा पनि केहीले भने नकारात्मक टिप्पणी गरेको उल्लेख गर्दै यो नतिजा र मेहनतलाई अपमान नगर्न आग्रह गर्नुभयो । "केहीले अङ्क थपेर पास गराइयो भनेर हचुवाको भरमा बिना आधार बोलिरहेका छन्, मेहनत गरेर विद्यार्थीले पास गरेको कुरालाई अपमान गर्ने र नयाँ पुस्ताको उत्साहलाई होच्याएको देख्दा दुःख लागेको छ", उहाँले भन्नुभयो ।

प्रधानमन्त्री ओलीले प्राकृतिक विपद्मा सरकारले प्राथमिकता राखेको समेत उल्लेख गर्दै उद्धार र राहतका लागि सरकारले तयारी गररहेको बताउनुभयो । "नेपाल प्राकृतिक प्रकोपले जोखिमयुक्त देश हो । मनसुनको समयमा कहाँ कति बेला क्षति पुऱ्याउन सक्छ आकलन गर्न सकिँदैन । यद्यपि हामीले राहत र उद्धारको पूर्व तयारी गरिरहेका छौँ", उहाँले भन्नुभयो ।

**हामी मिसन-८४ अग्रसर छौ, अवरोध गर्नेको हिसाबकिताब गरिनेछः प्रधानमन्त्री**

प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले महाधिवेशन नआउँदै पार्टीभित्र केही स्वार्थ तत्वहरुलाई महाधिवेशन लागेको टिप्पणी गर्नुभएको छ ।

जननेता मदनकुमार भण्डारीको ७४औँ जन्मजयन्तीका अवसरमा राष्ट्रिय युवा सङ्घद्वारा चन्द्रागिरी नगरपालिका वडा १३, कङ्कालीमा आयोजित वृक्षरोपण कार्यक्रमको शुभारम्भका अवसरमा अध्यक्ष ओलीले आफूहरुको लक्ष्य पार्टीलाई एकल बहुमतसहितको मिसन-८४ रहेको स्थितिमा पार्टीभित्र आफ्नो स्वार्थ खोज्नेहरुको हिसाब किताब गरिने बताउनुभयो ।

"हामी अर्जुनदृष्टिका साथ मिसन-८४ को अभियानमा छौँ । हाम्रो स्वार्थ देशको समृद्धि, विकास र सुशासन हो । यस मिसनमा सबै एकजुट भएर लाग्नुपर्ने बेलामा महाधिवेशन नआउँदै महाधिवेशन लागेको जस्तो देखाउन आवश्यक छैन", अध्यक्ष ओलीले भन्नुभयो, "हाम्रा कार्यकर्तालाई महाधिवेशन लागेकै छैन । केही स्वार्थीहरुलाई महाधिवेशन लागेको मात्रै हो । हामी त्यस्ताका पछाडि लाग्नु हुँदैन ।"रासस


## नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**दोश्रो पटक प्रकाशित मिति : २०८२/०३/१५ गते**

कम्पनी रजिष्ट्रको कार्यालयको मिति २०८२/०३/०५ को संचालन समितिको बैठकको निर्णय तथा कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको च.नं. कम्पनी प्र./७३५५५ मिति २०८२/०३/०५ को पत्र अनुसारको निर्णयबाट गोल्डेन स्कुल, सिरहा न.पा.-३, सिरहाको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको प्रा.लि.ले तिर्ने व्यहोर्ने गरी साबिक नाम परिवर्तन गरी भिजन एकेडेमी, सिरहा न.पा.-७, सिरहा कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**भिजन एकेडेमी, सिरहा न.पा.-७, सिरहा**

## राजर्षिजनक विश्वविद्यालय

**जनकपुरधाम, धनुषा**


## क्याम्पस प्रमुख पदमा आवश्यकता सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८२।०३।१५**

राजर्षिजनक विश्वविद्यालय संगठन संरचना तथा व्यवस्थापन नियमावली २०७५ को परिच्छेद -१९ को नियम १२८ बमोजिम राजर्षिजनक विश्वविद्यालय अन्तर्गत महोत्तरी जिल्लास्थित आंगिक क्याम्पस श्री गौशाला इन्जिनियरिंग क्याम्पस, गौशालामा रिक्त रहेको क्याम्पस प्रमुख पदमा नियुक्तिका लागि यस विश्वविद्यालय वा अन्य विश्वविद्यालयमा कार्यरत वा अवकाश प्राप्त इन्जिनियरिंग विषयको प्राध्यापक/सहप्राध्यापकहरुले यो सूचना प्रकाशित भएको मितिले २१(एकाईस) दिन भित्र आवश्यक कागजातहरु सहित email: ccapplication@rju.edu.np मार्फत आवेदन पेश गर्नु हुन आह्वान गरिन्छ ।

**पेश गर्नुपर्ने कागजातहरू** : व्यक्तिगत विवरण (CV) र प्राध्यापक वा सहप्राध्यापकको नियुक्ति तथा विश्वविद्यालयमा काम गरेको अनुभव स्पष्ट खुल्ने प्रमाणित कागजात ।

**सम्पर्क** : ०४१-५९०९३१



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# गुणात्मक शिक्षा आवश्यक

नेपालमा शिक्षाको विषयमा प्रशस्त चर्चा हुने गरे पनि सरकारले गुणात्मक शिक्षाका लागि ठोस पहल गरेको देखिदैन । हालै सार्वजनिक भएको एसईई परीक्षाको नतिजालाई सन्तोषजनक मानिए पनि त्यो संख्यात्मक रुपमा मात्र हो । शिक्षालाई गुणात्मक बनाउन आवश्यक छ । एसईईमा ६१ दशमलव ८१ प्रतिशत विद्यार्थी उत्तीर्ण गरेका छन् । उत्तीर्ण विद्यार्थीहरु मध्ये विभिन्न समूहको जीपए ल्याउनेमा छन् । त्यस मध्ये सबैभन्दा बढी २.८ देखि ३.२ जीपीए ल्याउने विद्यार्थी छन् । यस वर्षको परीक्षाको परिणाम गत वर्षको तुलनामा १४ प्रतिशत बढी रहेको छ । ग्रेडमा २ लाख ७१ हजार २ सय ९९ विद्यार्थी परेका छन् । तर नन्ग्रेडमा १ लाख २८ हजार २ सय १५ जना परेका छन् । सर्वाधिक नन्ग्रेड गणितमा विद्यार्थीहरु भएका छन् । नन्ग्रेड हुने अधिकांश विद्यार्थीहरु सरकारी लगानीको विद्यालयका छन् । निजीको भन्दा परिणाममा सरकारी विद्यालयहरु निकै पछाडी परेका छन् । यसको जिम्मेवार सरकार, अभिभावक, शिक्षक र विद्यार्थीहरु पनि छन् । हुन त संख्यात्मक रुपमा धेरै विद्यार्थी उत्तीर्ण भएको तथ्यांकले केही समय अभिभावक, विद्यार्थी, शिक्षक सबैलाई सन्तुष्टि होलान् । तर त्यो लामो समयसम्म चल्दैन । एसईई परीक्षा उतिर्ण गरेर मात्र हुँदैन । माथिल्लो कक्षामा नामांकन गराउन लिइने प्रवेश परीक्षामा समेत उतिर्ण हुनुपर्छ । प्रवेश परीक्षामा उत्तीर्ण हुन नसक्ने विद्यार्थीले राम्रो संकायमा नामांकन गराउन पाउँदैनन् । प्रारम्भिक चरणमै कमजोर रहेका विद्यार्थीले माथिल्लो कक्षामा राम्रो गर्न सक्ने सम्भावना हुन्छ । तर त्यसले मौका चुक्न सक्छ । अवसरबाट वञ्चित भएका विद्यार्थीले माथिल्लो कक्षामा राम्रो नगर्न सक्छ । अहिले निजी क्षेत्रले शिक्षालाई नतिजामुखी बनाएको छ । परीक्षामा उत्कृष्ट नतिजा ल्याउनुलाई नै निजी क्षेत्रका शिक्षा व्यवसायीहरुले उपलब्धि मानेकाले गुणात्मक शिक्षामा ध्यान दिएको देखिदैन । गुणात्मक शिक्षाका लागि नतिजा भन्दा विद्यार्थीको शैक्षिक स्तर सुदृढ हुनुपर्छ । एसईई उत्तीर्ण गरेका विद्यार्थीहरुले चाहेको विषयमा प्रवेश परीक्षामा राम्रो अंक ल्याउन सक्नु पर्छ । उत्कृष्ट नतिजा नल्याउने विद्यार्थीले चाहेको विषयमा अध्ययन गर्न मुश्किल हुन्छ । गुणात्मक शिक्षामा जोड नदिएसम्म दक्ष जनशक्ति उत्पादन हुँदैन । सर्टिफिकेटले मात्र जागिरको अवसर मिल्दैन । स्वदेशमै स्वरोजगारीमा लाग्न पनि गुणात्मक शिक्षा प्राप्त गरेको हुनुपर्छ । सरकार र निजी क्षेत्रले शिक्षाको गुणस्तर बढाउने तर्फ ध्यान केन्द्रित गर्न आवश्यक छ । अहिले विभिन्न सामाजिक संघसंस्थाहरुले शिक्षाको गुणस्तर सुधारको क्षेत्रमा काम गरिरहेका छन् । तर त्यसको उपलब्धि पनि कागजमा मात्र सिमित छ । गुणात्मक शिक्षा भए मात्र रोजगारमूलक हुन सक्छ । यस तर्फ सरकार सहित सबै सरोकारवाला निकायहरु केन्द्रित हुनुपर्छ ।

# सुन्दरीको खेलमा तेहरानमा विध्वंश



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

युद्धमा सवै थोक जायज हुन्छ । देशको लागि ज्यान वा इज्जत गुमाउनेलाई सम्मानकै नजरले हेरिन्छ । इसापूर्वमा आफ्ना देशको सुरक्षाका लागि राजाहरु विषकन्या तयार गर्थे । अतिसुन्दरी केटीलाई न्यूनमात्रामा विष खुवाइन्थ्यो । युवा अवस्थामा पुगेपछि उनीहरुका शरीरका सवै अङ्ग विषले भरिएको हुन्थ्यो । उनीहरु विषालु सर्पले आफ्नो जिब्रोमा डसाउने गर्थिन । सुन्दरता एवम् विषकन्याले परिपूर्ण ति युवतीहरुलाई राजाले आफ्ना दुश्मणलाई मार्नका लागि एक सैनिक रुपमा प्रयोग गर्ने गर्थे । ति युवतीहरु दुश्मणका साथ सुतेपछि विहान उसको मृत्यु हुन्थ्यो । उनीसँग शारीरिक सम्बन्ध बनाउना साथ मृत्यु हुन्थ्यो । अति विषालु कन्याले जो कोहीलाई दाँत वा नङले टोक्नासाथ मृत्यु हुन्थ्यो । आचार्य चाणक्यले चन्द्रगुप्त मोर्यलाई चारैतिरबाट सुरक्षित राख्नका लागि विषकन्याको अत्यधिक उपयोग गर्दथे । समयको परिवर्तनसँगै अचेल विषकन्या विलुप्त भएको छ । तर, जासुसीका लागि महिलाहरुको उपयोग विभिन्न देशले गर्दै आएका छन् ।

अहिले भर्खरै, इरान र इजरायलबीच युद्धमा महिला जासुसले इरानमा भुइचालो मात्रै ल्याएन कि दर्जनौं वैज्ञानि र सैन्य अधिकारीलाई ड्रोन आक्रमणमा मार्न सफल भयो । यसका साथै, इरानमा कहाँ के छ भन्ने सम्बन्धमा जानकारी लिनमा पनि सफल भईन् । यस विषयमा चर्चा गर्नुभन्दा पहिले इरान इजरायल युद्धको विश्लेषण गर्नु आवश्यक छ ।

इरान र इजरायलबीच बाह्र दिन भीषण युद्धपछि अन्ततः युद्धविराम भयो । विश्वको लागि यो सुखद सन्देश नै हो । यि दुई मुलुकको युद्ध नरोकिएको भए, अन्ततः तेस्रो विश्वयुद्धमा परिणत हुने खतरा थियो । रुस र युक्रेनको युद्ध चार बर्षदेखि जारी छ । भारत र पाकिस्तानबीच अघोषित युद्ध चार दिनमा युद्धविराममा परिणत भयो । युद्धले विनास मात्रै निम्त्याउँछ । जे भएपनि, मध्यपूर्वका यि दुई देशबीच तत्काल शान्ति स्थापना भयो । तर, मध्यपूर्व स्थायी रुपमा शान्ति स्थापनाका लागि इजरायल र हमासबीच पनि स्थायी युद्धविराम हुनु आवश्यक छ । अमेरिकाको राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना ट्वीटमार्फत असार १० गते विहानै युद्ध विरामको जानकारी गराएका थिए । त्यसको दुई घण्टापछि इरानले युद्धविराम नभएको भनेर इजरायलको बसिरा शहरमा मिसाइल आक्रमण गरेको थियो । अन्ततः कतारको मध्यस्तथा र इजरायलमाथि अमेरिकाको दवावपछि युद्धविराम भएको देखिन्छ । युद्ध नरोकिएको भए, पेट्रोलियम पदार्थ उत्पादन र विक्री वितरण प्रभावित हुन्थ्यो र मूल्य अकासिने थियो । वस्तु एवम् खाद्य पदार्थको मूल्य अप्रत्यासित रुपमा बृद्धि हुने थियो । समग्रमैं विश्वमैं व्यापार असन्तुलित हुने खतरा उत्पन्न हुने थियो । ठूलो परिमाणमा तेल उत्पादक राष्ट्र मध्यपूर्वमा पर्छ । इरानपनि मध्यपूर्व कै हुन् । इरानमा काँचो तेल र प्राकृतिक ग्यास ठूलो परिमाणमा उत्पादन हुन्छ ।

### मध्यपूर्वको अवस्था

प्रथम विश्वयुद्धको अन्त्यपछि सन् १९२०मा लगभग सातसय बर्ष पुरानो आँटोमन साम्राज्यको अन्त्य भयो । त्यसपछि, मध्यपूर्वमा जुन किसिमले अस्थिरता शुरु भयो । त्यो कुनै न कुनै रुपमा अहिलेसम्म कायमनै छ । टर्की, जोर्डन, लेवनान, सीरिया, इजरायल र प्यालेष्टिनको सो भूमि आटोमन साम्राज्यकै भूभाग हो । त्यो बेला न प्यालेष्टिन थियो न त इजरायल । विगत आठ दसकदेखि मध्यपूर्वले अनेकौं युद्ध हेरेका छन् । युद्धमा लाखौं व्यक्तिको ज्यान गएको छ । हमासमाथि इजरायलको आक्रमणमा विगत डेढ बर्षको अवधिमा पचास हजारभन्दा बढी मारिएका छन् । लेबनानको हिजबुल्लाह र यमनका हूति विद्रोही समूहले छिमेकी मुलुक इजरायलमाथि आक्रमण र प्रतिआक्रमण बेलाबेलामा गर्छन् । यहूदीहरु सन् १९४८मा आफूले ओगटेको भूमिमा इजरायल नामक देशको स्थापना गऱ्यो । उनीहरु पुर्ख्यौली भूमि ठान्छन् । त्यसपछि, इजराइलका छिमेकी मुलुकहरु मिश्र, जोर्डन, सीरियाका साथै इराक मिलेर एकैपटक आक्रमण गऱ्यो । यो पहिलो अरब-इजरायल युद्ध थियो । सन् १९६७ मा पुनः अरब-इजरायलबीच ६ दिनसम्म युद्ध चल्यो । त्यसपछि, सन् १९७३ मा पुनः अरब -इजरायल युद्ध भयो । यसलाई योम किप्पुर युद्ध भनिन्छ । मिश्र र सिरियाले इजरायलविरुद्ध युद्ध गरेको थियो । यि सवै लडाईमा इजरायलको जित भयो ।

यसो हेर्दा, इजराइल सन् १९४८ देखि निरन्तर रुपमा युद्धमा होमिएको छ । पछिल्लोपटक इरानसँग युद्ध भयो । इरानले बढी व्यालेष्टिक मिसाइल र ड्रोनको बढी उपयोग गरेको थियो । इजराइलले व्यालेष्टिक मिसाइल, ड्रोनका साथै बमबर्षक विमानलाई बढी युद्धमा सरिक गराएको थियो । दुवै मुलुकबीच आकासे युद्ध भयो । किनकी, दुवै मुलुक एक अर्काभन्दा दुई हजार किलोमिटर टाढा छन् । इजराइलको पक्ष लिएर नवौं दिन जेठ ७ गते अमेरिकाले अति शक्तिशाली बी-२ बमबर्षक विमानबाट इरानको तीन ठाउँमा अवस्थित परमाणुबम निर्माणकेन्द्रमा बष्टर बम खसाएको थियो । त्यो बम सतहलाई चिर्दै ६० मिटर मुनि पुगेर विष्फोट हुने गर्छ । अमेरिकाले परमाणुबम निर्माणस्थललाई ध्वस्त गरेको दावि गरेको छ । सोको जवाफमा तेस्रो दिन इरानले कतारस्थित अमेरिकन सैन्य शिविरमा मिसाइलले आक्रमण गरेको थियो ।

### युद्धको मुख्य कारण

इरानमाथि इजरायलको आक्रमणको मुख्य दुई कारण देखिन्छ । पहिलो कारण-ः अमेरिका र इजरायलले इरानको परमाणुबम निर्माण कार्यक्रमलाई असफल पार्नु थियो । अर्को, इरानसँग इजरायललाई प्रतिशोध साध्नु थियो ।

> हमासले योजनाबद्ध ढङ्गले ठोस रणनीतिका साथ जासुसी गर्न दुई बर्षअघि एक फ्रान्सीसी महिलालाई इरानको राजधानी तेहरानमा खटाएका थिए । ति महिलाले आफ्नी रङ्गरुपको जालमा इरानका उच्च सैनिक अधिकारीलाई यसरी फसाइन कि उम्कने अवसर दिइनन् । उनकी सुन्दरता र वाकपटुताको चक्रब्यूँहमा फसेर इरान त हल्लियो नै विश्व जगतनै अचम्भित भयो । ति सुन्दरी फ्रान्सीसी मूलकी कैथरिन पेरेज शेकड हुन् । ति महिलाले आफ्नी चतुराईको उपयोग गर्दै इरानकै प्राविधिक र इरानकै उपकरण, इरानकै रुपैयाँको उपयोग गरी इरानको तेहरान शहरमा विध्वंश मच्चाउन सफल भइन् ।

विश्वमा नौं वटा मुलुक परमाणु अस्त्रले सुसज्जित छन् । इरानले रुस र चीनलाई घनिष्ठ मित्र र अमेरिका र इजरायललाई कट्टर दुश्मण ठान्छन् । परमाणुबम निर्माण गर्न सफल भयो भने मध्यपूर्वमा अमेरिकाको प्रभाव निस्तेज हुने र मुश्लिम राष्ट्रमा प्रभुत्व स्थापित हुने इरानको सोचाई देखिन्छ । विश्वमा ५७ राष्ट्रमा मुश्लिमको बाहुल्यता छ । सोमध्ये मध्यपूर्वमा सत्रह राष्ट्र पर्छ । मध्यपूर्वका इरान मात्र शिया मुश्लिम बाहुल्य राष्ट्र हुन् ।

हमासले ७ अक्टुबर २०२३मा अप्रत्यासित रुपमा इजरायलभित्र प्रवेश गरी आक्रमण गरेको थियो । त्यस क्रममा इजरायलको एक हजार दुई सय व्यक्ति मारिएका थिए । दस जना नेपालीपनि मारिएका थिए । हमासले एक नेपालीसहित दुईसयभन्दा बढीको अपहरण गरेको थियो । सो घटनापछि, हमासविरुद्ध इजरायलको आक्रमण अहिलेसम्म जारी छ । इरानका धार्मिक नेता आयातुल्ला रोहल्ला खुमैनीले यहूदीहरु प्यालेष्टिनको भूमि कब्जा गरेकाले जसरीपनि उनीहरुलाई सो भूमिबाट धपाउने धम्कि अनेकौं पटक दिएका छन् । इजरायल र हमासबीच युद्ध चरम अवस्थामा रहेको बेलामा एक बर्षअघि इरानले पनि अप्रत्यासित रुपमा ब्यालेष्टिक मिसाइलले आक्रमण गरेको थियो । इजरायलको राजधानी तेलअबिवलगायत विभिन्न शहरमा एक सय एक्कासीवटा मिसाइलले आक्रमणले गर्दा एक दर्जनभन्दा बढी व्यक्ति मारिएका थिए । इजरायलले सो आक्रमणको २३ औं दिन इरानमाथि एकसयभन्दा बढी लडाकु विमानमार्फत बमले प्रहार गरी प्रतिशोध साधेको थियो ।

यसका साथै, इरानको सहयोग पाएका इजरायलको उत्तरी छिमेकी देश लेवनानमा रहेका हिजबुल्लाह लडाकु सङ्गठन (शिया मुश्लिम सैन्य सङ्गठन) यमनमा रहेका हूति लडाकु सङ्गठनले दर्जनौंपटक इजरायलमाथि रकेट र मिसाइलबाट प्रहार गरको थियो । इरानले आफूमाथि आक्रमण गराउनका लागि अस्त्रशस्त्रका साथै सैन्य तालीमसमेत दिने गरेको देखेर इजरायलले इरानमाथि आक्रमण गरी आफ्नो शक्ति देखाएका छन् ।

### सुन्दरीको जालमा इरानको सैन्य अधिकारी

युद्ध मात्रै शक्तिले जितिदैन् । दुश्मणमाथि आक्रमण गर्ने उचित समय, दुश्मणको कमजोरीको बारेमा जानकारी राख्नुका साथै ठोस रणनीति हुनु आवश्यक छ । इजरायलको गुप्तचर संस्था मोसादले सटिक जानकारी उपलब्ध गराउँछन् । दुश्मन राष्ट्रमा यसले सञ्जाल फैलाएका हुन्छन् ।

दुई बर्षअघि इजरायलले इरानमाथि आक्रमण गर्ने निर्णयमा पुगेको देखिन्छ । इजरायलले आफ्ना जासुसी संस्था हमासमार्फत इरानको

शक्ति र कमजोरीको बारेमा जानकारी लिन इरानमा सक्रिय गऱ्यो । हमासले योजनाबद्ध ढङ्गले ठोस रणनीतिका साथ जासुसी गर्न दुई बर्षअघि एक फ्रान्सीसी महिलालाई इरानको राजधानी तेहरानमा खटाएका थिए । ति महिलाले आफ्नी रङ्गरुपको जालमा इरानका उच्च सैनिक अधिकारीलाई यसरी फसाइन कि उम्कने अवसर दिइनन् । उनकी सुन्दरता र वाकपटुताको चक्रब्यूँहमा फसेर इरान त हल्लियो नै विश्व जगतनै अचम्भित भयो । ति सुन्दरी फ्रान्सीसी मूलकी कैथरिन पेरेज शेकड हुन् । ति महिलाले आफ्नी चतुराईको उपयोग गर्दै इरानकै प्राविधिक र इरानकै उपकरण, इरानकै रुपैयाँको उपयोग गरी इरानको तेहरान शहरमा विध्वंश मच्चाउन सफल भइन् ।

मोसादको योजनाअनुसार फ्रान्सबाट उनी तेहरान पुग्छिन । आफू इसाइ धर्म परित्याग गरी मुश्लिम धर्म अपनाउने चाहना प्रकट गरिन् । उनले आफूलाई शिया समुदाय मन परेकाले नै इरान आएकी बताइन् । एक त फ्रेन्च महिला त्यसमा पनि शिक्षित एवम् अति सुन्दरी, धर्मपरिवर्तन गर्न खोजेको सुनेर उनलाई सम्मानसहित विधिवत धर्म परिवर्तन गराएर मुश्लिम बनाइयो ।

त्यसपछि, आफ्नो योजनालाई मूर्त रुप दिन उनी इरानी सेनाका उच्च पदाधिकारीकी पत्नीसँग मित्रता गर्छिन् । मित्रता प्रगाढ भएपछि क्रमिक रुपमा उनीहरुको घर पुगेर 'को कहाँ सुत्छन' भनेर जानकारी प्राप्त गर्छिन् । त्यसपछि, उनी ति महिला कि सैनिक पतिसँग हिमचिम बढाउँदै खाँटसम्म पुग्छिन् । उनीहरुको मोवाइल डेटा चोरी गर्छिन । सेनाका चार पाँच अधिकारीलाई विश्वासमा लिएपछि ति सुन्दरीले इरानलाई अझ सशक्त बनाउनका लागि अतिआधुनिक ड्रोन निर्माण गर्नुपर्छ भनेर योजना सुनाउँछिन । ति महिलाको बोल्ने शैली र सुन्दरतामा डुबेका सेनाका उच्च अधिकारीले ड्रोन निर्माणका लागि उपकरणलगायतका व्यवस्था मिलाउँछन् । इरानको राजधानी तेहरान शहरको बीच भागमा एउटा दुईतल्ले घर भाँडामा लिएर विधिवत रक्षा मन्त्रालयको बोर्ड झुण्डयाउँछन् । इरानकै इन्जिनियरलगायत कर्मचारीका बहाली हुन्छ । उनीहरुलाई मासिक तलव र परिचयपत्र पनि उपलब्ध गराउँछन् । सयौंको सङ्ख्यामा ड्रोन निर्माण कार्य सम्पन्न भएपछि जेठ ३० गते मध्यरात्रिमा तेहरानको सो निर्माण भवनबाट सेनाका उच्च अधिकारी सुतेकै ठाउँमा ड्रोनको आक्रमण हुन्छ । सात जना उच्च अधिकारी मारिन्छ । सोही दिन आकासबाट इजरायलले विभिन्न सैन्य शिविर र परमाणुबम निर्माणस्थलहरु आक्रमण हुँदा १० जना वैज्ञानिक मारिन्छ । तेहरानबाट नै ड्रोन आक्रमण भएको खवरले इरानी सरकार हत्तप्रभ भयो । ड्रोन निर्माणको लागि आदेश दिने पाँच सैन्य अधिकारीमध्ये तीन जना त मारिएका थिए भने बाँच्नेहरुले आफूलाई इरान सरकारको आदेश पालन गरेको जानकारीपछि सवै हत्तप्रभ भएका थिए । उनीहरुले आफूलाई कैथरिन मेडमले सरकारको आदेश छ भनेर जानकारी गराएपछि गोप्य ढङ्गले ड्रोन निर्माणमा जुटेको बताएका थिए । इरानकै प्राविधिक, इरानकै उपकरण लिएर इरानमाथि नै आक्रमण गरी ध्वस्त पार्ने उक्त कार्यलाई इजरायलले 'अपरेशन ब्लेक आपरेशन' नाम दिएको थियो । किनकी, ति सुन्दरी महिला कालो पोशाकमै पहिरण गर्थिन् । वेपत्ता भएकी ति महिलालाई पक्राउ गर्न इरान सरकारले पुरस्कारको घोषणा गरेको छ । इरानले तीनजना मोसादको जासुसलाई फाँसी दिइसकेका छन् । करिव सातसय जनालाई पक्राउ गरी छानविन शुरु गरेको छ ।

### इरानको परमाणु बमप्रति खाँडी मुलुकको दृष्टिकोण

मध्यपूर्वमा लेबनाम, सीरिया, इजरायल, मिश्र, जाँर्डन, सउदी अरब, यमन, बहरीन, कतर, ओमान, संयुक्त अरब अमीरात, कुवैत, इराक र ईरान गरी सत्रह राष्ट्र छन् । यसबाहेक, प्यालेष्टाइनको गाजा र वेष्ट बैङ्कलाई पनि मध्यपूर्व कै भूभाग मानिन्छ । विश्वमा ५७ वटा मुश्लिम बहुल राष्ट्र छन् । सोमध्ये एकमात्र इरान शिया समुदायको बहुल राष्ट्र हो । अन्य ५६ वटा सुन्नी समुदायको बाहुल्यता छ । मुश्लिम समुदायका यि दुई समुदायबीच बाहिर सामान्य देखिएपनि भित्रभित्रै तनाव नै प्रायः रहन्छ ।

मोहम्मद पैगम्बरको ८ जून सन् ६३२ मृत्युपछि उत्तराधिकारीको लागि विवाद भयो । त्यसपछि, हिंसात्मक घटनापछि मुश्लिम समुदाय दुई समुदाय शिया र सुन्नीमा विभाजित भयो । विश्वमैं एकमात्र शिया समुदायको बर्चस्वको मुलुक इरान हुन् । मध्यपूर्वका सउदी अरब, कतार, संयुक्त अरब इमिरातजस्ता मुलुकको हालीमुहाली छ । आर्थिक रुपले सम्पन्न राष्ट्र इरान परमाणु सम्पन्न भयो भने कतै इरान मध्यपूर्वमा परमाणुबमको धाक देखाएर बर्चस्व खोज्ने त होइन भन्ने ति राष्ट्रहरुलाई चिन्ता छ ।

शिया र सुन्नी समुदायबीच सामान्य विषयमा पनि विवाद निम्त्ने गर्छन । अर्कोतर्फ, विश्वको एकमात्र इस्लामिक राष्ट्र पाकिस्तानसँग परमाणु अस्त्र छन् । पाकिस्तानमा सुन्नी समुदायको बाहुल्यता छ । सो समुदायको सङ्ख्या ८० प्रतिशत छ । अमेरिकाले इरानमाथि बी-२ विमानले तीन ठाउँमा अति शक्तिशाली बम खसाएपछि मध्यपूर्वका सउदी अरब लगायतका राष्ट्रले चिन्ता व्यक्त गरेको थियो ।

### महङ्गो युद्ध

अहिलेको युद्ध अति महङ्गो हुन्छ । अव, मिसाइलको प्रयोग सामान्य झैं लाग्छ । एउटा लामो दूरीको एक व्यालेष्टिक मिसाइलको लागत कम्तिमा दस लाख डाँलर पर्छ । इजरायल र इरानबीचको युद्धमा कम्तिमा दुवैतर्फ गरी दुई हजार मिसाइल प्रहार भएको अनुमान गरिन्छ । मिसाइलको तुलनामा ड्रोन धेरै सस्तो हुन्छ । ति मिसाइल र ड्रोनलाई आकासमैं नष्ट गर्ने आइरन डोमलगायतका प्रतिरक्षा प्रणालीका अस्त्रहरु कमसेकम एउटाको आइरन डोमको मूल्य बाह्रदेखि १५ लाख डाँलर पर्छ । त्यो एकपटकमात्र मिसाइललाई ध्वस्त गर्छ । फेरी अर्को मिसाइललाई ध्वस्तगर्न अर्को आइरन डोमको उपयोग गर्नुपर्छ । भारतले पाकिस्तानमाथि आक्रमण गरेको एउटा ब्रह्मोस मिसाइलको मूल्य ३४ करोड भारतीइ मुद्रा पर्छ । एक तथ्याङ्कको आधारमा इजरालयलाई दैनिक इरानसँगको युद्धमा २०० मिलियन डाँलर खर्च हुने गर्दथ्यो भने सोही अनुपातमा इरानको पनि युद्धमा खर्च भएको अनुमान गरिन्छ । अव, आफै अनुमान गर्नुस कि युद्ध कतिको आर्थिक विनासकारी हुन्छ । त्यतिकै होइन् एउटा मिसाइललाई सुरक्षित राख्नका लागि कमसेकम बर्षेनी दस हजार डाँलर खर्च पर्छ । युद्ध मानवताको लागि कलङक हो भन्ने भावना जागृत गराउनुपर्छ । 'इतिश्री'

# कृषि, स्टार्टअप र आर्थिक कानुनहरु



कुमार यादव

नेपालको अर्थ निती नियमहरुमा कृषि, ब्यवसायिक कृषि र कृषि उद्योग एकदमै प्राथमिकतामा पारिएको क्षेत्र जस्तो देखिन्छ । तर, बास्तवमा के हाम्रा ब्यवसायिक ऐन कानुनहरुले कृषि ब्यवसाय र कृषि उद्योग बारे कत्तिको प्रष्टता कायम गरेको छ त ? आऊनुस, केही ऐनहरुमा समबन्धित प्रावधानहरुको बिश्लेषण गरौंः

आयकर एन, २०५८ को दफा ११(१) अनुसार, कुनै फर्म, कम्पनी, साझेदारी तथा संगठित संस्थाको रुपमा दर्ता गरी कृषि ब्यवसाय गरी प्राप्त गरेको आयमा र भूमी समबन्धी एन, २०२१ को दफा १२ को खण्ड (घ) र (ङ) मा उल्लेख भए बमोजिमको जग्गामा कृषि ब्यवसायबाट प्राप्त भएको बाहेक अन्य कृषि आम्दानीमा कर लाग्ने छैन भनेर समेत भनिएको छ साथै उक्त दफाको सपष्टिकरण खण्ड अनुसार, कृषि ब्यवसाय भन्नाले सार्वजनिक वा निजी जमिनबाट बालीनाली उत्पादन गर्ने वा जमिन प्रयोग गर्ने मोही बाट कुत वा बाली प्राप्त गर्ने ब्यवसाय सम्झनु पर्छ ।

यो दफालाई सर-सर्ती पढ्दा के अर्थ लाग्न सक्छ भने, प्राकृतिक ब्यक्तीले पशु-पन्छी तथा माछा पालनबाट गरेको आय-आर्जन, आय-कर प्रायोजनार्थ कृषि ब्यवसाय होईन, तथापी कर योग्य हो । त्यस्तै यसै ऐनको दफा २१, "कट्टी गर्न नपाऊने खर्च" को उपदफा (घ२) अनुसार स्थाई लेखा नम्बर उल्लेख नभएको दुई हजार रुपैंया भन्दा बढीको बिजक बापत को खर्च आयकर प्रायोजनार्थ कट्टी गर्न नपाऊने खर्चमा पर्दछन तर ब्यवसायिक कारोवार नगर्ने प्राकृतिक ब्यक्ती संग सोझै गरिने कृषीजन्य, वनजन्य, पशुजन्य र अन्य घरायसी बस्तुको खरिदमा बिक्रेताले स्थायी लेखा नम्बर लिएको रहेनछ भने पनी त्यस्तो खरिद खर्च मान्य हुनेछ भनिएको छ । तर, कृषीजन्य, वनजन्य, पशुजन्य भन्ने शब्दलाई कहीं कतै यस ऐनमा परिभाषित गरिएको भेटिदैंन ।

दफा २१ कै उपदफा (२)(ख) अनुसार प्राथमिक कृषी पैदावार उत्पादन गर्ने कृषक वा उत्पादकलाई भुक्तानी गर्दा र त्यस्तो पैदावारको प्राथमिक प्रशोधन भईसकेको भए पनी कृषक आफैंले प्रशोधन गरी भुक्तानी पाएको भए सो रकमलाई नगद भुक्तानी पनी आयकर प्रायोजनार्थ मान्यहुने भनिएको छ तथापी यहां निर पशु-पन्छी तथा बनजन्य उत्पाद नतोकिएकोले त्यस्ता बस्तुको खरिदको भुक्तानी आयकर ऐन को दफा २१(२) को सिमा नाघे, बैंक बाटै गर्नु पर्ने देखिन्छ । साथै, पशुपालन गरेर तिनका उत्पाद बेच्ने ब्यवसायीहरुले त्यसता पशुहरुको खरिदको लागत कसरी कट्टी लिने भनेर आयकर ऐनमा स्पस्ट प्रावधान नहुंदा ब्यवसायी र कर-अधिकृत बिच असमझदारी बढेको पनी देखिन्छ ।

अब कुरा गरौं, औद्योगिक ब्यवसाय ऐन, २०७६ को, यस ऐन को दफा २(क) अनुसार, "उद्योग" भन्नाले दफा-१७ बमोजिमको उद्योग सम्झनु पर्छ भनेर भनिएको छ । दफा १७ उपदफा १ ले बिभिन्न मापदण्ड्को आधारमा उद्योगहरुलाई लघु उद्यम, घरेलु उद्योग, साना उद्योग, मझौला उद्योग र ठूला उद्योग भनेर बर्गिकरण गरेको छ तथा दफा १७ उपदफा २ ले उपदफा १ मा उल्लेखित उद्योगलाई त्यस्ता उद्योगबाट उत्पादनहुने बस्तु वा सेवाको प्रकृतिको आधारमा गरेको बर्गिकरण मध्येको एउटा बर्गिकरण हो, "कृषि तथा वन पैदावारमा आधारित उद्योग" ।

कृषि तथा वन पैदावारमा आधारित उद्योग, भनेर कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै बस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावार संग समबन्धित अनुसुचि -४ मा उल्लिखित उद्योगहरु भनेर भनिएको छ । अनुसुची -४ मा उल्लिखित केही बुंदाहरु र तिनले निम्त्याएको असमझदारी बारे छलफल गरौं । यस अनुसुचीको बुंदा १ मा फलफुल खेती वा फलफुल प्रसोधन भनेर भनिएको छ । यसको अर्थ फलफुल खेती मात्रै पनी कृषी उद्योग हुनजाने देखिन्छ । यस ऐनको दफा ३(१) बमोजिम कसैले यस ऐन बमोजिम उद्योग दर्ता नगराई उद्योगको स्थापना वा सन्चालन गर्न वा गराऊन हुंदैन भनेर भनिएको छ । यसरी सरसर्ती पढदा प्राकृतिक ब्यक्तीले उद्योग दर्ता नगरीकन फलफुल खेती पनी गर्न गैर कानुनी जस्तो देखिन्छ । यस्तै असमझदारी पशु-पंक्षी पालन, मतस्य पालन, तरकारी खेती आदीमा पनी देखिन्छ ।

त्यस्तै अब कुरा गरौं स्टार्टअप को । यो शब्द पनी बिगत केही बर्ष देखी आर्थिक नितीहरुमा चर्चित शब्द हो । औद्योगिक ब्यवसाय ऐन, २०७६ को दफा ४क(१) अनुसार वस्तु वा सेवाको उत्पादनमा नवीन सोंच र प्रबिधी प्रयोग गरेको तथा छिटो स्तरोन्नतीको सम्भावना भएको, नयां कम्पनी, प्राईभेट फर्म वा साझेदारी फर्मको रुपमा दर्ता भएको र त्यसरी दर्ता भएको मितीले दस बर्ष अवधि ननांघेको र दर्ता पशचात कुनै आर्थिक बर्षको बार्षिक कारोबार रु १५ करोड भन्दा बढी नभएको निकायलाई स्टार्टअप उद्यमको रुपमा दर्ता गर्न सकिनेछ भनेर भनिएको छ । हालै आएको बजेटले संशोधन गरेको आयकर ऐन, २०५८ को दफा ११ को उपदफा ३(न) अनुसार नवप्रवर्तनकारी ज्ञान,सोच, सीप, प्रविधी, ब्यवहार र तरिका प्रयोग गरी बार्षिक १० करोड रुपैंया सम्म कारोवार गर्ने विभागले तोकेको स्टार्ट अप ब्यवसायलाई कारोवार शुरु गरेको मितीले पांच बर्ष सम्म लाग्ने करमा शतप्रतिशत छुट हुनेछ भनेर भनिएको छ । यहां स्टार्टअपको परिभाषामा भिन्नता पाईन्छ । साथै आयकर प्रायोजनार्थ आन्तरिक राजस्व बिभागले तोक्ने, दर्ता गर्दा दर्ता गर्ने निकायले तोक्ने, प्रदेश सरकारले स्टार्टअप सम्बन्धी योजना तथा अनुदानहरु ल्यांउदा त्यसका मापकहरु भिन्नै हुने गर्नाले स्टार्टअप उद्यम तथा स्टार्टअप उद्यमी दुबै धरासायी हुने सम्भावना बढ्दो छ ।

माथि उल्लेख गरिएका केही उदाहरणहरु मात्र हुन् । हाम्रा, उही ऐन-कानुन भित्रै तथा एक अर्को ऐन कानुन बिच अस्पष्ट, परस्पर बाझिने शब्द तथा प्रावधानहरुको । ऐन कानुनमा स्पष्टता एवम सामन्जस्यता नहुन्जेल सरकारको निती तथा कार्यक्रमहरु कागजमैं सिमित हुने तथा अनावश्यक कानुनी बिवादहरु आईराख्ने तथापी लक्षित बर्ग ओझेलमा पर्ने निश्चय नै देखिन्छ ।

(माथिका बिचारहरु ऐन कानुनहरुको लेखकको ब्यक्तिगत बुझाई तथा बिश्लेषणमा आधारित छ र यसको सटिकताको दावी लेखक तथा प्रकाशकले गर्दैनन् )

# प्रतिनिधिसभाबाट विभिन्न विद्येयक पारित

काठमाण्डु । प्रतिनिधिसभाको शनिबारको बैठकबाट 'नेपाल नागरिकता (दोस्रो) विधेयक, २०८२' बहुमतले पारित भएको छ ।

आजको बैठकमा गृहमन्त्री रमेश लेखकले उक्त विधेयक पारित गरियोस भनी प्रस्ताव पेस गर्नुभएको थियो । त्यसअघि शनिबारै गृहमन्त्री लेखकले 'राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनसहितको नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक २०८१ माथि छलफल गरियोस्' भन्ने प्रस्ताव पेस गर्नुभएको थियो । उक्त प्रस्ताव पेस गर्नुहुँदै गृहमन्त्री लेखकले नेपाली नागरिक आमाबाट जन्म भएका सन्तानले आमाकै नामबाट नागरिकता पाउने व्यवस्थालाई विधेयकमा प्रत्याभूति गरिएको बताउनुभयो ।

"आमाको नामबाट नागरिकता पाउने व्यवस्था सुनिश्चित गर्नका लागि यो विधेयक आएको छ । नागरिकतासम्बन्धी विषयमा विभिन्न समयमा अदालतबाट भएका फैसलालाई यो विधेयकमार्फत कार्यान्वयनमा ल्याउन खोजिएको छ", गृहमन्त्री लेखकले भन्नुभयो । वैदेशिक रोजगारमा गएका महिलाहरुले विदेशमा सन्तान जन्माउने तर नेपाल फर्किदा त्यस्ता सन्तानले नागरिकताविहीन हुनुपर्ने अवस्था नरहने उहाँको भनाइ छ ।

विधेयकमा 'नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको र बाबुको पहिचान नभएको व्यक्तिले तोकिए बमोजिम स्वघोषणा गरेमा अङ्गिकृत नेपाली नागरिकता प्राप्त गर्नसक्ने' व्यवस्था राखिएको छ । त्यस्तै, १६ वर्ष उमेर पूरा नभएको र बाबु वा आमामध्ये कम्तीमा एक जना नेपाली नागरिक रहेको नाबालकलाई नाबालक परिचयपत्र दिन सकिने व्यवस्था विधेयकमा राखिएको छ ।

विधेयकमाथिको छलफलका क्रममा सांसद प्रकाश ज्वालाले यो विधेयक पारित भएर कार्यान्वयनमा आएपछि आमाको नामबाट नागरिकता पाउने बाटो खुल्ने विश्वास व्यक्त गर्नुभयो । वास्तविक नेपाली नागरिक नागरिकता पाउनबाट बञ्चित हुन नपरोस् र गैरनागरिकले कुनै पनि अवस्थामा नागरिक नपाओस् भनेर कानुनी व्यवस्था गर्न यो विधेयक महत्वपूर्ण हुने सांसद ज्वालाले बताउनुभयो ।

सांसद ज्वालाकुमारी साहले राष्ट्रिय सुरक्षा, एकता र सम्प्रभुतामा असर नपर्ने गरी नागरिकतासम्बन्धी व्यवस्था गर्न यो कानुन आवश्यक रहेको बताउनुभयो । त्यस्तै, नेपाली महिलाले विदेशी नागरिकसँग विवाह गरेको अवस्थामा त्यस्ता अभिभावकबाट जन्मेका सन्तानले आमाको नामबाट नेपाली नागरिकता लिन चाहेमा त्यस्ता नागरिक अब नागरिकताविहीन हुनुपर्ने अवस्था हट्ने उहाँको भनाइ छ ।

सांसद प्रेम सुवालले सीमा क्षेत्रका नागरिकले जहिल्यै नागरिकतासम्बन्धी समस्या भोग्नु परेको बताउनुहुँदै यसमा विधेयकमार्फत स्पष्ट व्यवस्था



ल्याइनुपर्ने बताउनुभयो । आमाको नामबाट नागरिकता दिने व्यवस्था राम्रो भए पनि बाबुको खोजी गर्न आवश्यक रहेको धारणा उहाँले राख्नुभयो । सांसद रामकृष्ण यादवले यो विधेयक पारित भएर कार्यान्वयनमा जाँदा नागरिकतासम्बन्धी अहिले देखिएका समस्या समाधान हुने विश्वास व्यक्त गर्नुभयो । तराईका जिल्लामा नागरिकतासम्बन्धी समस्या धेरै रहेको उल्लेख गर्नुहुँदै उहाँले नागरिकताविहीन व्यक्तिहरु राज्यबाट पाउनुपर्ने सेवा सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था रहेको बताउनुभयो । यो विधेयकमा राखिएका व्यवस्थाले त्यस्ता व्यक्तिको समस्या समाधान गर्ने सांसद यादवको भनाइ थियो ।

सांसद रञ्जुकुमारी झाले आमाको नामबाट नागरिकता दिन मिल्ने भनेर सर्वोच्च अदातलले दिएको आदेशको नजिर कार्यान्वयन हुने गरी यो विधेयक आएको बताउनुभयो । सांसद चित्रबहादुर केसीले नागरिकताको विषयमा सदनमा धेरै छलफल र विमर्श भएको भए पनि भारतसँगको खुला सीमाका कारण देखिएको नागरिकतासम्बन्धी विवाद र समस्यालाई यो विधेयकले समाधान गर्न नसक्ने भन्दै चिन्ता व्यक्त गर्नुभयो ।

विधेयकमाथि सांसदहरु रुपा सोशी चौधरी, शेरबहादुर कुँवर, माधव सापकोटा, मुक्ताकुमारी यादव, नारायणी शर्मा, पूर्णबहादुर घर्ती, भगवती चौधरी, अमृतलाल राजवंशी, कान्तिका सेजुवाल, सुशिला थिङ, अमृतादेवी अग्रहरीलगायतले आफ्नो धारणा राख्नुभएको थियो ।

**सांसद रञ्जुकुमारी झाले आमाको नामबाट नागरिकता दिन मिल्ने भनेर सर्वोच्च अदातलले दिएको आदेशको नजिर कार्यान्वयन हुने गरी यो विधेयक आएको बताउनुभयो ।**

### प्रतिनिधिसभाः राष्ट्र ऋण उठाउने विधेयक, २०८२ पारित

राष्ट्र ऋण उठाउने विधेयक, २०८२ प्रतिनिधिसभाबाट बहुमतले पारित भएको छ । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले उक्त विधेयक पारित गरियोस् भनी प्रस्ताव पेस गर्नुभएको थियो ।

उक्त प्रस्तावमाथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै अर्थमन्त्री पौडेलले उत्पादन, उत्पादकत्व वृद्धि र विकास तथा समृद्धिको आकाङ्क्षा पूरा गर्न ऋण लिन आवश्यक रहेको बताउनुभयो । साधारण खर्चका लागि ऋण लिने नभई पुँजीगत खर्चका लागि मात्रै लिनुपर्ने भनेर सदनबाट आएका सुझाव ग्रहणयोग्य रहेका उहाँले उल्लेख गर्नुभयो ।

"उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि ऋण लिने हो । चालु आर्थिक वर्षको र आगामी आर्थिक वर्षको बजेटको स्रोत हेर्ने हो भने आन्तरिक राजस्वले व्यहोर्ने खर्चको दायित्व बढाएर प्रस्ताव गरिएको छ । ऋणबाट व्यहार्ने खर्चको दायित्व घटेको छ", पौडेलले भन्नुभयो । विगतको ऋणको साँवाब्याज तिर्न बढी रकम खर्च हुने गरेको अर्थमन्त्री पौडेलले बताउनुभयो ।

उक्त विधेयकमाथिको छलफलको क्रममा सांसद डा प्रकाशशरण महतले सार्वजनिक ऋण बढ्दै जानु र त्यस्तो रकम पुँजी निर्माणमा खर्च हुन नसक्नु गम्भीर समस्याका रूपमा रहेको बताउनुभयो । "हरेक वर्ष आन्तरिक ऋणको आकार बढिरहेको छ । आन्तरिक वा बाह्य ऋण किन लिने हो भन्ने कुरामा सरकार गम्भीर हुन जरुरी छ । साधारण खर्च धान्न आन्तरिक ऋण लिँदै जाने हो भने त्यो दिगो हुँदैन", उहाँले भन्नुभयो ।

पूर्वअर्थमन्त्री महतले आन्तरिक ऋणको ठूलो हिस्सा साधारण खर्चमा गइरहेको बताउनुभयो । अहिले सरकारले बैंक तथा वित्तीय संस्थाबाट आन्तरिक ऋण लिने गरेको र बजेटमार्फत तलबभत्तालगायत साधारण शीर्षकमा खर्च गर्ने गरेकामा त्यस्तो प्रवृत्ति रोक्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

अहिले बैंक तथा वित्तीय संस्थामा प्रशस्त तरलता भएको अवस्थामा सरकारले आन्तरिक ऋण उठाउँदा समस्या नभए पनि भोलिका दिनमा तरलता अभाव हुँदा बैंक तथा वित्तीय संस्थाले अन्य क्षेत्रमा आफैं लगानी गर्नसक्ने अवस्था नरहने र ब्याजदर पनि बढ्ने सम्भावनाबारे सचेत हुनुपर्ने बताउनुभयो । आन्तरिक ऋण उठाउनका लागि बण्डलगायतका वैकल्पिक स्रोत खोज्न सक्नुपर्ने सुझाव पनि डा महतको थियो ।

अर्का सांसद हितराज पाण्डेले पनि सरकारी ऋण पुंजी निर्माणमा खर्च हुन नसकेको बताउनुभयो । "हामीले ऋण लिएर साधारण प्रकृतिका शीर्षकमा धेरै खर्च गर्न थाल्यौं त्यसलाई उत्पादन वृद्धि हुने पुँजीगत शीर्षकमा खर्च गरिनुपर्छ । प्रतिफल विश्लेषण गरेर निश्चित योजनाका लागि मात्रै ऋण लिन व्यवस्था गरिनुपर्छ", पाण्डेले भन्नुभयो । खानी र खनिजजन्य वस्तुको उत्खनन, प्रशोधन र प्रयोगका लागि सार्वजनिक ऋण खर्च गर्न सक्नुपर्ने उहाँको भनाइ थियो ।

सांसद माधव सापकोटाले आन्तरिक उत्पादन र पुँजीगत खर्च बढाउन सक्नुपर्ने धारणा राख्नुभयो । मुलुकको वर्तमान आर्थिक अवस्थाको विश्लेषण गरी सोही आधारमा मात्र सार्वजनिक ऋण उठाउनसके यसले वित्तीय अनुशासन कायम हुने धारणा उहाँको थियो । सरकारले ऋण लिनुपर्ने उद्देश्य र कारण पनि स्पष्ट पार्नुपर्ने सांसद सापकोटाको भनाइ थियो । शनिबारको बैठकबाट राष्ट्र ऋण उठाउने विधेयक, २०८२ माथि परेका संशोधन प्रस्तावहरु बहुमतले अस्वीकृत भएका थिए ।

### आर्थिक विधेयक, २०८२ पारित

प्रतिनिसभाबाट आर्थिक विधेयक, २०८२ पारित भएको छ । प्रतिनिधिसभाको बैठकमा उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले उक्त विधेयक पारित गरियोस् भनी प्रस्ताव पेस गर्नुभएको थियो । उक्त विधेयक बहुमतले पारित भएको हो ।

शनिबारको बैठकमा आर्थिक विधेयक, २०८२ माथि प्राप्त संशोधनहरु माथि छलफल भएको थियो । संशोधन प्रस्तावमाथिको छलफलका क्रममा छलफलमा उठेका प्रश्नको जवाफ दिँदै अर्थमन्त्री पौडेलले कर नीतिमा स्थिरता कायम गरी लगानीको वातावरण बनोस् भन्ने उद्देश्यसहित धेरै हेरफेर नभएको बताउनुभयो ।

करको दायरा विस्तार गर्ने, राजस्व चुहावट नियन्त्रण गर्ने, अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याउने लगायतका विषयहरु आर्थिक ऐनको प्राथमिकतामा रहेको उहाँको भनाइ थियो ।हरेक वर्ष राजस्वका दरहरु हेरफेर गर्दा लगानीकर्तालाई त्यसले समस्या पार्नसक्ने अवस्थालाई मध्यनजर गर्दै नीतिगत स्थिरतामा जोड दिइएको अर्थमन्त्री पौडेलले बताउनुभयो ।

"करको नीति र दरमा अस्थिरता र अनिश्चय भयो भनेर पटक-पटक उठ्ने प्रश्न हो, यसले गर्दा लगानीकर्ताहरुले करको अनुमान गर्न सक्ने स्थिति थिएन । यसले व्यवसाय र उद्योग क्षेत्र प्रभावित भयो", अर्थमन्त्री पौडेलले भन्नुभयो, "यस्तो अवस्थाले समग्र कर प्रणाली प्रभावित भयो भनेर विगतमा गुनासो सुन्दै आएकोमा त्यसलाई सच्याई आर्थिक विधेयक, २०८२ मा करको नीति र दरमा स्थिरताको सन्देश जान सकोस् भनेर आवश्यक र अत्यावश्यक ठाउँमा मात्र संशोधनको प्रस्ताव गरिएको छ ।"

उद्योगी व्यवसायीलाई लगानीका लागि प्रेरित गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने र समग्र राष्ट्रिय अर्थतन्त्रलाई योगदान पुऱ्याउन सक्ने क्षेत्रको करमा छुट र सहुलियतका प्रावधान ल्याइएको उहाँको भनाइ छ । यही कुरालाई मध्यनजर गरेर आगामी आर्थिक वर्षका लागि आर्थिक विधेयक प्रस्तुत गरिएको अर्थमन्त्री पौडेलको दाबी छ ।

"आत्मनिर्भर अर्थतन्त्र र सन्तुलित विकासका लागि अनुकुल हुने गरी कर प्रस्ताव गरिएको छ । मदिरा र सुर्तीजन्य वस्तुले जनस्वास्थ्यमा प्रतिकुल असर गर्ने भएकाले यी वस्तुमा केहि हेरफेर भएका छन्", अर्थमन्त्री पौडेलले भन्नुभयो । आर्थिक विधेयकमार्फत् अग्रीम आयकरको व्यवस्था हटाइएको पनि उहाँले बताउनुभयो ।आर्थिक विधेयक, २०८२ माथि परेका सबै संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भए ।प्रतिनिधिसभाको अर्को बैठक यही असार गते असार १५ गते दिउँसो १ बजे बस्नेछ ।रासस

# नेकपा एमाले एक छ, टुक्रयाउने सपना नदेखे हुन्छः अध्यक्ष ओली

काठमाण्डु । प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले एमाले एकढिक्का भएकाले कसैले टुक्रयाउने नसक्ने बताउनुभएको छ । जननेता मदन भण्डारीको ७४औं जन्मजयन्तीका अवसरमा शनिबार आयोजित जबजका तीन दशक कार्यक्रममा उहाँले एमाले टुक्रयाउने सपना नदेख्न चेतावनी दिनुभयो ।

अध्यक्ष ओलीले भन्नुभयो, "नेकपा (एमाले) सफलताका साथ अगाडि बढिरहेको छ, विगतमा पनि विभिन्न नाममा पार्टी फुटाइएको थियो, तर हाम्रो पार्टी फेरि मजबुतीका साथ अगाडि बढेको छ, एमाले कसैले धुलो पार्न सकिने शक्ति होइन ।" उहाँले एमाले एक रहेको र एक रहने बढाउँदै जनताको बहुदलीय जनवाद (जबज)को विचार निर्माण गर्नुभएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले आज पनि नेपाल सोही विचारलाई मियो मानेर अगाडि बढेको बताउनुभयो । आफूहरुले एमालेको पाँचौं महाधिवेशनमा जबज सूत्रीकृत गरे पनि यसका सम्पूर्ण आधार भने चौथो महाधिवेशमै बनाएको उल्लेख गर्नुभयो ।

"एमालेको चौथो महाधिवेशनले नेपालको राजनीतिक आन्दोलनमा दुई वटा असाधारण योगदान पुऱ्याएको थियो, ती जबजको बाटो आत्मसात् र मदन भण्डारीलाई महासचिव बनाउने निर्णय थिएँ", उहाँले भन्नुभयो ।

प्रधानमन्त्री ओलीले



उल्लेख गर्नुभयो । प्रधानमन्त्री ओलीले एमालेले सुरु गरेको मिसन-८४ सफल पार्न आग्रह गर्दै नेकपा (एमाले) मार्क्सवादी चिन्तन र बहुदलीय जनवादलाई आत्मसात् गरेकाले निकै बलियो रहेको उल्लेख गर्नुभयो ।

प्रधानमन्त्री ओलीले जननेता मदन भण्डारीले राष्ट्रिय राजनीतिमा पुऱ्याउनुभएको योगदान र गर्नुभएको दिशानिर्देश नेपालको राजनीतिक विकासक्रमको इतिहासमा एउटा विशेष कालखण्ड भएको बताउनुभयो । "जतिबेला विश्वमा वामपन्थी र समाजवादी आन्दोलनमाथि भयानक सङ्कट पैदा भएको थियो, त्यसबेला मदन भण्डारीको नेतृत्वमा नेकपा (एमाले)ले नयाँ विचार अगाडि सारेको थियो", उहाँले भन्नुभयो, "तत्कालनि परिस्थिति कसरी सामना गर्ने भन्ने अवस्थामा मदन भण्डारीले सोचबुझका साथ समयानुकूल ढङ्गले पार्टीलाई अगाडि बढ्नुभएको थियो ।" आफूहरुले पछिल्ला तीन दशकमा जबजका सिद्धान्त अगाडि बढाउँदै कार्यान्वयन गर्दै आएकोसमेत उल्लेख गर्नुभयो ।

मदन भण्डारीले आफूलाई समयानुकूल ढङ्गले अगाडि एमालेको चौथो महाधिवेशनले लिएको नीतिले पञ्चायती व्यवस्था ढालेकोसमेत उल्लेख गर्नुभयो । "चौथो महाधिवेशनले लिएको नीतिले वाममोर्चा निर्माण भयो, नेपाली कांग्रेससँग सहकार्यको नीति अगाडि सघन वार्ता भयो, फलस्वरुप संयुक्त आन्दोलन भई छ महिनामा पञ्चायती व्यवस्था ढल्यो, निरंकुश राजतन्त्र संवैधानिक भयो", उहाँले भन्नुभयो ।

कार्यक्रममा प्रधानमन्त्री ओलीले आफू आज स्पेनको औपचारिक भ्रमणमा जान लागेको उल्लेख गर्दै त्यहाँबाट फर्किएपछि हुम्ला सदरमुकाम सिमकोट जोड्ने सडक सञ्जाल उद्घाटन गर्ने बताउनुभयो । "कर्णालीमा पुल बनेको छ, म स्पेनबाट फर्किएपछि पुल उद्घाटन हुन्छ, त्यसपछि हुम्लाको सदरमुकाम मोटर चढेर जान सकिन्छ, अब नेपालका कुनै पनि सदरमुकाम दुर्गम रहँदैनन्, यो पनि जबजको सफलता हो", उहाँले भन्नुभयो ।

उहाँले महाकाली सन्धी पक्षमा अहिले पनि एमाले रहेको उल्लेख गर्दै सम्झौता कार्यान्वयन गरिने बताउनुभयो । "यो सम्झौता कार्यान्वयन गर्नुपर्नेछ । रासस

## 'जबजका तीन दशक' मा प्रधानमन्त्री ओली र पूर्व राष्ट्रपति भण्डारी सहभागी

काठमाण्डु । जननेता मदनकुमार भण्डारीको ७४औं जन्मजयन्तीका अवसरमा मदन भण्डारी फाउण्डेशनले यहाँ अयोजना गरेको 'जबजका तीन दशक' राष्ट्रिय गोष्ठी सुरु भएको छ ।

कार्यक्रममा प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओली प्रमुख अतिथि र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी विशेष अतिथिका रुपमा



सहभागी हुनुहुन्छ । एमालेका तत्कालीन महासचिव जननेता भण्डारी र तत्कालीन सङ्गठन विभाग प्रमुख जीवराज आश्रितको २०५० साल जेठ ३ गते दासढुङ्गा सवारी दुर्घटनामा निधन भएको थियो ।रासस

## नीतिगत सुधार र प्रविधिमैत्री कानुन निर्माण हुनुपर्नेमा मन्त्री भण्डारीको जोड



गोदावरी । उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले कानुनी जटिलताका कारण देशमा ठूला उद्योग स्थापना हुन नसकेको बताउनुभएको छ ।

शनिबार धनगढीमा आयोजित औद्योगिक नीतिको मस्यौदामाथि सरोकारवालासँगको छलफलमा उहाँले नीतिगत सुधार र प्रविधिमैत्री कानुन निर्माणको आवश्यकता रहेको बताउनुभयो । उहाँले निजी क्षेत्र लगानी गर्न तयार भए पनि कानुनी जटिलताले त्यसो गर्न अक्षम भएका र लगानीयोग्य रकम थुप्रिएको वास्तविकता सुनाउनुभयो ।

कञ्चनपुरको दैजी-छेला औद्योगिकक्षेत्र कानुनी जटिलताकै कारण १० वर्षसम्म निर्माण हुन नसकेको बताउँदै उहाँले भन्नुभयो, "दैजी छेला औद्योगिक क्षेत्रको निर्माण प्रक्रिया प्रारम्भ भएको १० वर्ष भइसक्यो । तर कानुनी जटिलताका कारण अघि बढ्न सकेको छैन । नौ सय बिघा जमिन तयार छ ।

मन्त्री भण्डारीले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा उद्योग वाणिज्य क्षेत्रलाई ३१ वटा विशेष बुँदामार्फत प्राथमिकतामा राखिएको बताउनुभयो । उहाँले कम्पनी ऐनमा सुधार, विशेष आर्थिक क्षेत्र, औद्योगिक पूर्वाधार विकास लगायतका विषयमा सरकार सक्रिय भएर लागि परेको बताउनुभयो ।रासस

## नेपालको उज्यालो भविष्य जनवादको माध्यमबाट पूरा हुन्छः महासचिव पोखरेल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) सम्पर्क समन्वय समितिद्वारा पार्टीका तत्कालीन महासचिव मदनकुमार भण्डारीको ७४औं जन्मजयन्तीका अवसरमा शनिबार बृहत पदयात्रा कार्यक्रम गरिएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालाबाट सुरु भएको पदयात्रा थापाथली, माइतीघर, बबरमहल, बानेश्वरहुँदै तीनकुनेमा पुगेर समापन भएको थियो ।यसअघि उक्त पदयात्रा शुभारम्भ गर्दै एमाले महासचिव शङ्कर पोखरेलले स्व भण्डारीले अघि सार्नु भएको जनताको बहुदलीय जनवादले नेपाली समाजमा रुपान्तरणका लागि



महत्वपूर्ण योगदान गरेको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "जनताको बहुदलीय जनवाद नेपाली समाजलाई अघि बढाउने उद्देश्यका लागि मार्गनिर्देशन गर्ने विचार हो, त्यही माध्यमद्वारा सुखी नेपाली समृद्ध नेपालको राष्ट्रिय आकाक्षा पूरा गर्ने लक्ष्यका साथ हामी एमालेलाई निर्णायक राष्ट्रिय शक्ति निर्माण गर्ने अभियानमा जुटेका छौ ।"महासचिव पोखरेलले एमालेलाई निर्णायक शक्तिकारुपमा उभ्याउन मिसन-८४ यो अभियानका महत्वपूर्ण कडी भएको जनाउँदै सोही माध्यमबाट मुलुकलाई विकास र समृद्धिको नयाँ युगमा लिएर जान चाहेको स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "पार्टी नेतृत्वमा मुलुकलाई युगतर्फ लैजान प्रयत्न भइरहेको छ, नेपाल साधनस्रोतका हिसावले कमजोर छ, नागरिक सम्पन्नताका हिसाबले कमजोर छन् भन्ने भाष्यलाई चिरेर सम्पन्न छ भन्ने कुरा दैलेखमा रहेको ग्यास भण्डारणको अन्वेषणबाट प्रमाणित गरेका छौं ।"रासस

## हामी राष्ट्रिय पुँजी प्रवर्द्धन, सुशासन र समृद्धिको अभियानमा छौं :अध्यक्ष दाहाल




भक्तपुर ।नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय पूँजी प्रवर्द्धन, सुशासन र समृद्धि आफ्नो पार्टीको मूल मन्त्र भएको बताउनुभएको छ ।

नेपाल उद्योग व्यापार महासङ्घको शनिबार आयोजित सचिवालय बैठक तथा अन्तरक्रियात्मक प्रशिक्षण कार्यक्रममा उहाँले आफू सरकारमा रहँदा देशको समग्र आर्थिक रूपान्तरणका लागि उत्पादनशील राष्ट्रिय पुँजीलाई प्रवर्द्धन गर्ने योजनाबद्ध प्रयास भएको बताउनुभयो ।अध्यक्ष दाहालको निजी सचिवालयका अनुसार राष्ट्रिय पुँजी प्रवर्द्धनमा आफूले जोड दिएको र सुशासन कायम गर्नमा नै ध्यानकेन्द्रित रहेको बताउनुभयो ।

जनजीविकासँग प्रत्यक्ष सरोकार भएका ठूला पूर्वाधार परियोजना अघि बढाइएको स्मरण गर्दै अध्यक्ष दाहालले भन्नुभयो, "सरकारको नेतृत्व गर्दा हामीले हुलाकी राजमार्ग, मध्यपहाडी लोकमार्ग, उत्तरदक्षिण 'करिडोर'लगायत परियोजनाको अवधारणा ल्यायौं।ती आयोजनाले जनताको जीवनस्तरमा ठूला परिवर्तन ल्याएका छन् । रुकुम र बागलुङका जनताले मध्यपहाडी लोकमार्गले ल्याएको परिवर्तन अनुभव गरिसकेका छन् । हामीले आठवटा उत्तरी नाका खोल्ने निर्णय पनि गऱ्यौं, जसले एकतर्फी व्यापार निर्भरता कम गर्न सहयोग पुऱ्याएको छ ।"

माओवादी केन्द्रका उपमहासचिव तथा पूर्वअर्थमन्त्री वर्षमान पुन र महासङ्घका समूह प्रमुख गङ्गा कार्कीले देशको आर्थिक विकासबारे मन्तव्य व्यक्त गर्नुभएको थियो ।रासस

# ट्रम्पको शक्ति विस्तार गर्ने अमेरिकी सर्वोच्च अदालतको फैसला



**बीबीसी**

काठमाण्डु । अमेरिकाको सर्वोच्च अदालतले शुक्रवार डोनल्ड ट्रम्प र त्यहाँका भावी राष्ट्रपतिहरूका लागि एउटा उल्लेख्य जित हुने फैसला गर्दै कार्यकारी आदेशहरू रोक्ने तल्ला अदालतका शक्तिलाई सीमित पारिदिएको छ।राष्ट्रपति ट्रम्पले ह्वाइटहाउसको पत्रकार सम्मेलन कक्षमा पत्रकारहरूलाई सम्बोधन गर्दै यसलाई "ठूलो, अद्भुत निर्णय" भएको बताए। आफ्नो प्रशासन त्यस फैसलाका कारण "निकै हर्षित" बनेको ट्रम्पको प्रतिक्रिया छ।

ट्रम्पले त्यसलाई "संविधान, शक्ति पृथकीकरण र कानुनी राजका लागि एउटा ऐतिहासिक विजय" भनेका छन्। अदालतको निर्णयले ट्रम्पको जन्मसिद्ध नागरिकता सम्बन्धी आदेशलाई मात्र प्रभाव पार्दैन बरु यस्तै निषेधाज्ञाद्वारा अस्थायी रूपमा विफल पारिएका उनका कैयौँ अन्य नीतिगत कदम कार्यान्वयन गर्न समेत प्रोत्साहित गर्छ। सर्वोच्च अदालतले ट्रम्प प्रशासनलाई - कम्तीमा तत्कालका लागि - अब अमेरिकी भूमिमा जन्मेका सबैलाई नागरिकता नदिनका लागि बाटो खोलिदिएको छ।

ह्वाइटहाउसले अब आफ्नो योजना कार्यान्वयन गर्नु पर्नेछ जुन सजिलो काम हुनेछैन।शुक्रवार देशको सर्वोच्च अदालतले जन्मसिद्ध नागरिकता अन्त्य गर्ने ट्रम्पको कार्यकारी आदेशलाई एक महिनाभित्र लागू गर्न अनुमति दियो।

त्यसक्रममा मुद्दा हाल्नेहरूमा पर्ने प्रभावलाई कम गर्न तल्लो अदालतहरूको लागि ठाउँ छाडिएको छ।परम्परागत रूपमा राज्यहरूले जन्म दर्ताको प्रमाणपत्र बनाउने क्रममा धेरैले आमाबाबुको नागरिकता रेकर्ड गर्दैनन्। ट्रम्प प्रशासनले जेसुकै चाहे तापनि डेमोक्र्याटहरूले चलाइरहेका राज्य सरकारहरू त्यसो गर्ने हतारोमा हुनेछैनन्।

न्यायाधीश एमी कोनी ब्यारेटले ट्रम्पको जन्मसिद्ध नागरिकतामा अझै व्यापक रोक लगाउन राज्यहरूका लागि ढोका खोलिदिएकी छन्। त्यसले भविष्यमा ठूला कानुनी लडाइँहरू हुने देखाउँछ।"राज्यहरूले उनीहरूको हानि, आर्थिक असर र नागरिक-आश्रित लाभ कार्यक्रमहरूबाट आउने प्रशासनिक बोझ कार्यकारी आदेशको कार्यान्वयनमा पूर्ण प्रतिबन्ध बिना समाधान गर्न सकिँदैन भन्ने छ," ब्यारेटले लेखिन्।

"तल्ला अदालतहरूले साँघुरो निषेधाज्ञा उपयुक्त छ कि छैन भनेर निर्धारण गर्नुपर्छ, त्यसैले हामी यी र कुनै पनि सम्बन्धित तर्कहरूमा विचार गर्ने कुरा उनीहरूलाई छाड्छौँ।" राष्ट्रपति ट्रम्पले अदालतको निर्णयलाई "ठूलो विजय" भनेर व्याख्या गरेका छन्। "जन्मका आधारमा पाइने नागरिकताको छल" माथि "अप्रत्यक्ष रूपमा, कडा प्रहार" भएको बताउँदै उनले त्यस निर्णयले "आप्रवासन प्रक्रियाको घोटाला" रोक्ने जनाएका छन्।

ट्रम्पका महान्यायाधिवक्ता पाम बोन्डीले अमेरिकाले जन्मका आधारमा दिइने नागरिकताको व्यवस्था अन्त्य गर्ने वा कायमै राख्ने विषयमा सर्वोच्च अदालतले अक्टोबरमा निर्णय गर्नेछ। तल्ला अदालतका सङ्घीय न्यायाधीशहरूको देशव्यापी निषेधाज्ञा जारी गर्ने शक्ति सीमित पार्ने सर्वोच्च अदालतको निर्णयले तत्काल, व्यापक परिणामहरू निम्त्याउनेछ।डेमोक्र्याटिक र रिपब्लिकन दुवै राष्ट्रपतिहरूले प्रायः सङ्घीय जिल्ला अदालतहरूमा वैचारिक न्यायविद्हरू हुन् भनी आलोचना गरेका छन्।तिनले कार्यकारी कदम र अमेरिकी संसद् कङ्ग्रेसबाट पारित कानुनलाई एक्लै रोक्न सकेका छन्।

अमेरिकी भूमिमा जन्मेका कागजात नभएका आप्रवासीहरूका सन्तानका लागि सोझै दिइने नागरिकताको व्यवस्था हटाउने यो धेरैको चासो भएको मुद्दाको केन्द्रमा छ।तर हालैका महिनाहरूमा ट्रम्पले चालेका अन्य धेरै कदमलाई समेत तल्लो तहका न्यायाधीशहरूले समेत रोकेका छन्। कंग्रेसनल रिसर्च सर्भिसले ट्रम्पले पदभार ग्रहण गरेदेखि एप्रिल २९ सम्म २५ वटा यस्ता घटनाको विवरण राखेको छ।

शुक्रवार अदालतको निर्णयपछि ट्रम्पले पत्रकारहरूलाई भने, "हामी अब गलत रूपमा आदेश दिइएका नीतिहरूलाई अगाडि बढाउन उचित रूपमा कागजात अगाडि बढाउन सक्छौँ।" तल्ला अदालतहरूले राष्ट्रपतिको वैदेशिक सहायता, विविधता सम्बन्धी कार्यक्रम र अन्य सरकारी निकायमा गरिएका कटौतीलाई रोक लगाएका छन्।

सरकारी कर्मचारीहरूलाई बर्खास्त गर्ने उनको शक्ति सीमित पार्नुका साथै अन्य आप्रवासन सुधारहरू रोकेका छन् र चुनावी प्रक्रियामा ह्वाइटहाउसले जारी गरेका परिवर्तनहरू निलम्बनमा पारेका छन्।

यस मुद्दामा आएको सर्वोच्च अदालतको निर्णयसँगै ट्रम्प प्रशासन यी धेरै प्रयासहरू अगाडि बढाउन अनुमति दिन अदालतहरूलाई अनुरोध गर्न निकै बलियो स्थितिमा छ।

बाइडनको राष्ट्रपतीय कार्यकालमा परम्परावादी न्यायाधीशहरूले डेमोक्र्याटहरूलाई वातावरणसम्बन्धी नयाँ नियमहरू लागू गर्न, विद्यार्थीलाई ऋण माफी दिन, आप्रवासन नियमहरू परिमार्जन गर्नबाट रोकेका थिए।बराक ओबामाको राष्ट्रपतीय कार्यकालमा कागजात नभएका केही आप्रवासीहरूका लागि सामान्य आप्रवासन हैसियतमा परिवर्तन गर्न समेत अदालतहरूले रोक लगाएका थिए।

र ओभरटाइम तलबका लागि 'ह्वाइट कलर' कर्मचारीहरूलाई थप योग्य बनाउनका लागि समेत ओबामालाई रोकिएको थियो।
यी सबै खाले मुद्दाहरूमा अदालत अन्ततः हस्तक्षेप गर्न र राष्ट्रपतिको कार्यहरू रोक्न सक्षम हुनेछन् जसलाई उनीहरू गैर कानुनी वा असंवैधानिक ठान्छन्।

आफ्नो राय व्यक्त गर्ने क्रममा सर्वोच्च अदालतले भनेको छः "यसमा अपिल गर्ने हरेकका सम्बन्धमा निषेधाज्ञाहरू यस नियमसँग मेल खान्छ र अन्यथा समानताको सिद्धान्तहरूको पालना गर्दछ भन्ने कुरा सुनिश्चित गर्न तल्ला अदालतहरूले द्रुत गतिमा कदमहरू चाल्नेछन्।"तर यी न्यायिक प्रक्रियामा पुनरावेदनमार्फत र सर्वोच्च अदालतमै अझ अगाडि बढ्नेछन्।यसैबीच राष्ट्रपति ट्रम्प र उनका उत्तराधिकारीहरू - चाहे तिनीहरू रिपब्लिकन हुन् वा डेमोक्र्याट - सँग काम गर्न बढ्ता समय र ठाउँ हुनेछ।

# चार दशकपछि नेपाली महिला फुटबलले रच्दै गरेको नौलो इतिहास

**बीबीसी**

काठमाण्डु । नेपालको महिला फुटबल टोलीले नयाँ इतिहास रच्दै छ।आइतवार लाओससँग हुन लागेको एसियन कपको छनोट खेल नेपाली महिला राष्ट्रिय फुटबल टोलीको १००औँ खेल हुनेछ।यी १०० खेल खेल्न नेपाली महिला टोलीलाई ३९ वर्ष लाग्यो। जुन निकै लामो समय हो।

चार दशकको यो समय पार गर्दा महिला टोली थुप्रै आरोह अवरोहबाट गुज्रिएको देखिन्छ। सुरुवाती दिनमा घर छाडेर मैदानमा भिड्नुकै चुनौती, आक्कलझुक्कल मात्रै हुने प्रतियोगिता, लामो समयको निष्क्रियता हुँदै पुनर्जन्म पाएको महिला फुटबल अहिले उमेर समूहदेखि राष्ट्रिय टोली सम्मका खेलहरूमा व्यस्त बनेको छ। खेलाडीहरू युरोपसम्म पुगेर व्यावसायिक प्रतिस्पर्धा गर्न थालिसकेका छन्। नेपाली समर्थकमाझ महिला टोलीको चर्चा समेत चुलिएको अवस्था छ।महिला टोलीको १००औँ खेलसम्मको यात्रा कसरी अगाडि बढ्यो। मुख्य चरणहरूको एक चर्चा। विक्रम सम्वत् २०३० को दशकबाट नेपालमा महिला फुटबल खेल्न थालिएको इतिहास देखिन्छ।

पुरुष फुटबलको दबदबा रहेको त्यो समयको प्रभाव महिला फुटबलमा पर्नु स्वाभाविक थियो। महिला खेलाडीहरू देखिन थालेपछि फाट्टफुट्ट प्रतियोगिता पनि हुने गरेको बताइन्छ।महिला फुटबल जगेर्ना गर्ने काम भने राष्ट्रिय खेलकुद परिषद्ले गरेको पाइन्छ।महिला फुटबल गतिविधिसँगै परिषद्ले विसं २०४० को दोस्रो बृहत् राष्ट्रिय खेलकुद प्रतियोगितामा महिला फुटबललाई पनि समावेश गऱ्यो। यही विन्दुबाट महिला फुटबलले सङ्गठित रूप लिन सुरु गरेको देखिन्छ।

त्यसपछि अञ्चल अञ्चलको टोली बनाएर राष्ट्रिय महिला फुटबल प्रतियोगिताको आयोजना हुन थाले। जसले बिस्तारै देशभर महिला फुटबलको माहौल बन्न थाल्यो। स्थानीय तहमा फुटबल प्रतियोगिता हुन थालेपछि तत्कालीन अखिल नेपाल फुटबल सङ्घले अन्तर ाष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउने जमर्को गरेको हो।विसं २०४३ सालमा राष्ट्रिय महिला टोलीले पहिलो अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनायो।

त्यति बेला अखिल नेपाल फुटबल सङ्घका अध्यक्ष कमल थापा थिए।भनिन्छ, त्यतिबेला एसियाली फुटबल महासङ्घ (एएफसी)ले एन्फालाई अन्तर्राष्ट्रिय सहायता चाहिने हो भने महिला राष्ट्रिय पनि टोली निर्माण गर्नुपर्ने बताएपछि एन्फाले महिला टोली बनाउन जोड दिएको थियो।रमा सिंहको कप्तानीमा महिला टोलीले एसियन कप खेल्यो।सन् १९८६ डिसेम्बर १४ तारिखका दिन नेपालले हङकङ विरुद्ध पहिलो खेल खेलेको थियो। उक्त खेल नेपालले १-० ले हाऱ्यो। टोलीका प्रशिक्षक पोखराका खेम गुरुङ थिए।




त्यसको ३ वर्षपछि नेपालले दोस्रो पटक एसियन कप खेल्यो। त्यसपछि भने अन्तर्राष्ट्रिय फुटबल गतिविधि बन्द जस्तै भयो। देशभित्रको गतिविधि पनि झन्डै दुई दशक जति अत्यन्त सुस्त गतिमा अगाडि बढेको देखियो।तर बेला बेलामा राष्ट्रिय महिला फुटबल प्रतियोगिता भने भइरहे। यसले फुटबलको ढुकढुकी भने जोगियो। अञ्चल-अञ्चल बीच हुने उक्त प्रतियोगिता २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना भएपछि क्षेत्रीय-क्षेत्रीय टोलीबीच हुन थाल्यो।उक्त प्रतियोगिता २०५८ सालसम्म आयोजना भएको थियो। त्यति नै बेला नेपाल पुलिस र नेपाली सेनाले महिला फुटबल टोली गठन गरेका थिए।

फुटबल विज्ञ सञ्जीव मिश्र भन्छन्, "५८ सालमा हेटौँडामा राष्ट्रिय महिला फुटबलको आयोजना भएको थियो। त्यसपछि भने यसले निरन्तरता पाउन सकेन।" सन् १९९९ मा नेपालले तेस्रो पटक फेरि फिलिपिन्समा भएको एसियन कपमा सहभागिता जनायो।सोही प्रतियोगितामा नेपालले पहिलो अन्तर्राष्ट्रिय गोल गर्न सफल भयो। पेमा डोमा लामाले उक्त इतिहास रचेकी हुन्। पेमाले उज्बेकिस्तान विरुद्धको खेलमा गोल गरेकी थिइन्।

उनी भन्छिन्, "त्यो नेपाली महिला फुटबल टोलीले गरेको पहिलो अन्तर ाष्ट्रिय गोल हो भनेर मलाई थाहा थिएन। नेपाल आएपछि मात्र मैले यो कुरा थाहा पाएँ।" सशस्त्र प्रहरी एपीएफले महिला फुटबलको टीम बनाउनुलाई चाहिँ फुटबल विश्लेषकहरू नेपाली महिला फुटबलको पुनर्जन्म नै मान्छन्।विसं २०६१ ताका एपीएफले त्यतिबेलाका राम्रा खेलाडी समेट्दै बलियो महिला टोली निर्माण गऱ्यो। नियमित प्रशिक्षण र तलब पाएपछि महिला खेलाडीहरूको स्तरमा व्यापक सुधार हुन थाल्यो।

त्यतिबेलाका रौतहटका राम्रा खेलाडीहरू एपीएफमा पुगेका थिए।उक्त टोली निर्माण गर्ने र खेलाडीलाई प्रशिक्षण दिने राष्ट्रिय टोलीका सदस्य धीरेन्द्र प्रधान भन्छन्, "एपीएफको त्यो कदमले महिला खेलाडीलाई व्यावसायिक बनाउने र महिला फुटबलको स्वरूप नै परिवर्तन गर्ने काम गऱ्यो।" सन् २०१० बाट भने महिला फुटबलले विकासको वास्तविक स्वरूप लिन थालेको हो।

दक्षिण एसियाली फुटबल प्रतियोगिता (साग)मा पुरुष समावेश खेलमा महिला टोली पनि राख्नुपर्ने समान व्यवस्था सुरु गरिएपछि बाङ्लादेशको ढाकामा भएको ११ औँ सागमा महिला फुटबल समावेश गरियो।सोही वर्ष बाङ्लादेशबाट नै पहिलो महिला साफ फुटबल च्याम्पियनशिपको पनि सुरुआत भयो।यी दुवै प्रतियोगितामा नेपाली टोलीले फाइनलसम्म पुगेर आफ्नो योग्यता पुष्टि गऱ्यो।

त्यसपछि हरेक दुई वर्षमा साफ च्याम्पियनसिपले निरन्तरता पायो भने सागमा पनि नियमित रूपमा महिला फुटबल समावेश भयो। महिला फुटबलले तीव्रता पायो। खेलाडीहरू व्यस्त हुन थाले।यी दुई प्रतियोगिताले नेपालको मात्र होइन दक्षिण एसिया कै महिला फुटबल विकासमा महत्त्वपूर्ण भूमिका खेलेको जानकारहरू बताउँछन्। २०१० पछि नेपालले १५ वर्षमा १२ फाइनल खेलिसकेको छ।

यद्यपि फाइनल पुगेर नेपालले उपाधि भने अझै जित्न सकेको छैन। दक्षिण एसियामा नेपालको परिचय 'उपविजेताको' को रूपमा चित्रण नै भयो।भारतसँगमात्र नेपालले ४ पटक साफ र ३ पटक साग गरी ७ फाइनलमा पुगेर हारेको छ।पछिल्लो दुई संस्करणको फाइनलमा भने बाङ्लादेशसँग पराजित हुन पुगेको थियो।फाइनल पुगेर हारेको बाँकी ३ खेलहरू वाफ महिला च्याम्पियनशिप, नादेज्दा कप र हिरो गोल्डकपमा हो। यसबीच नेपाली खेलाडीहरू युरोपमा पुगेर व्यावसायिक प्रतिस्पर्धा गर्ने भएका छन्।

स्ट्राइकर सावित्रा भण्डारी फ्रान्सको शीर्ष डिभिजनको क्लब अन आभान गीङ्गम्प पुगिन्। गोलकिपर कप्तान एन्जिला तुम्बाप्पो सुब्बा ग्रिसको महिला 'ए' लीग क्लब अट्रोमिटौमा खेलिरहेकी छिन्। रेखा पौडेल यूएईको अबुधाबी कन्ट्री क्लबमा छाएकी छिन्।यस्तै भारतीय लीगमा गीता राना, प्रीति राई, दीपा शाही, अमृता जैसी, रश्मिकुमारी घिसिङ, सरु लिम्बू, रेणुका नगरकोटे गरी आधा दर्जनभन्दा बढी खेलाडीले खेलिसके।भुटानमा पूजा राना खेलिरहेकी छिन्।

यसले महिला खेलाडीहरूको स्तर अन्तर्राष्ट्रियस्तरको बनिसकेको देखाउँछ। चार दशकको यो यात्रामा नेपाली महिला फुटबल अहिले जहाँ छ, त्यसबाट असन्तुष्ट हुनुपर्ने ठाउँ नदेखिएपनि गर्न बाँकी धेरै ठाँउहरू रहेको फुटबलका जानकारहरू बताउँछन्।उनीहरूले औँल्याउने पहिलो कुरा चाहिँ हालसम्म महिला टोलीको नाममा एउटा पनि अन्तर्राष्ट्रिय उपाधि नहुनु नै हो।दोस्रो चाहिँ घरेलु फुटबललाई बलियो बनाउनु पर्ने उनीहरू ठान्छन्।

विस्तारै महिला लिग प्रभावकारी बनिरहेको विश्लेषकहरू बताउँछन्। जिल्ला स्तरमा गोल्डकप शैलीको फुटबल यसै वर्षबाट सुरु भएको छ। क्लबहरूको सङ्ख्या पनि बढ्न थालेको छ।साथै अहिले एसियन कपको छनोट खेलिरहेको नेपालले दक्षिण एसियाभन्दा माथिल्लो स्तरको फुटबलमा पनि प्रभाव जमाउनु जरुरी रहेको उनीहरू बताउँछन्।एसियन कपको कठिन छनोट पार गर्नुपर्ने तत्कालको चुनौती छ।यसै चुनौतीमाझ महिला टोलीले आफ्नो १०० औँ अन्तर्राष्ट्रिय खेल आइतवार खेल्दा नेपाली फुटबलले एउटा कोशेढुङ्गा पार गर्नेछ ।

# इजरेल द्वन्द्वमा मारिएका इरानका सैन्य कमान्डरहरूको राजकीय अन्तिम संस्कार

**बीबीसी**

काठमाण्डु ।इरानको राजधानी तेहरानमा इजरेलसँगको १२ दिने द्वन्द्वमा मारिएका सैन्य कमाण्डर र परमाणु वैज्ञानिकहरूसहित झण्डै ६० जनाको राजकीय रूपमा अन्तिम संस्कार भएको छ।

तेहरानको एन्घेलाब स्क्वायरनजिकै इरानी झण्डा ओढाइएका कमान्डरहरूको तस्बिरसहितका शव पेटिका मानिसहरूको भीडले घेरिएका थिए।यसै साताको सुरुमा इरानका प्रमुख परमाणु स्थलहरूमा बम विस्फोट गराएर अमेरिका प्रत्यक्ष रूपमा संलग्न भएपछि द्वन्द्व युद्धविरामसँगै रोकिएको थियो।

कालो पोसाकमा रहेका शोक मनाउन उपस्थित मानिसहरूको ठूलो भीडले नाराबाजी गर्नुका साथै इरानी झण्डा फहराउने र मृतकहरूको तस्बिर बोकेको थियो। सो समारोहअघि त्यसमा मानिसहरूलाई भाग लिन व्यापक रूपमा आग्रह गरिएको थियो भने अधिकारीहरूले निःशुल्क बस र मेट्रो सवारीको व्यवस्था गरेका थिए। सरकारी कार्यालयहरू दिनभरि बन्द रहे। राजकीय अन्तिम संस्कार हुनेमा इरानका सर्वोच्च पदका सैन्य अधिकारी मोहम्मद बघेरी समेत छन् जो इरानको सशस्त्र सेनाको चीफ अफ स्टाफ थिए। बघेरीलाई उनकी श्रीमती र छोरीसँगै समाधिस्थ गरिएको छ।

सो द्वन्द्वका बेला इरानमा कुल ६२७ जनाको मृत्यु भएको तेहरानका अधिकारीहरूले बताएका छन्।इरानको क्षेप्यास्त्र हमलापछि इजरेलमा २८ जनाको मृत्यु भएको इजरेली अधिकारीहरूले बताएका छन्।



शनिवार इस्लामिक रिभोलुशनरी गार्डस्का कमाण्डर इन चीफ होसेन सलामीका साथै तेहरानको आजाद विश्वविद्यालयका प्रमुख मोहम्मद महदी तेहरानचीजस्ता कैयौँ आणविक वैज्ञानिकहरूको अन्तिम संस्कार भएको छ। अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले इरानमा फेरि बम विस्फोट गर्नेबारे "पूर्ण रूपमा" विचार गर्ने बताएपछि ती घटनाक्रम देखा परेका थिए।

शुक्रवार ह्वाइटहाउसको प्रेस ब्रीफिङमा बीबीसीकी नोमिया इकबालको प्रश्नको जवाफ दिँदै ट्रम्पले यदि गुप्तचर निकायले इरानले युरेनिअमलाई चिन्ताजनक स्तरमा संवर्द्धन गर्न सक्छ भन्ने निष्कर्ष निकालेमा "बिना प्रश्न" त्यहाँ हमला गरिने बताए।

ट्रम्पले इरान "पराजित" भएको आफ्नो दाबी समेत दोहोऱ्याउँदै लेखेका छन्ः "युद्धग्रस्त देश इरानका तथाकथित 'सर्वोच्च नेता' आयतोल्लाह अली खामेनेईले किन यति स्पष्ट र मूर्खतापूर्वक इजरेलसँग युद्ध जितेको भन्न सक्छन् जबकि उनलाई थाहा छ कि उनको भनाइ झूट हो।" ट्रम्पले "उनी खामेनेई कहाँ आश्रय लिएका थिए भन्ने कुरा ठ्याक्कै थाहा भएको" दाबी गर्दै आफूले "इजरेल वा अमेरिकी सेनालाई ... उनको जीवन समाप्त पार्न नदिने" बताए।

"मैले उनलाई धेरै कुरूप र अपमानजनक मृत्युबाट बचाएँ र उनले 'धन्यवाद, राष्ट्रपति ट्रम्प!' भन्नु पर्दैन," ट्रम्पले आफ्नो ट्रुथ सोशलमा लेखेका छन्। इरानका विदेशमन्त्री सैयद अब्बास अरागचीले खामेनेईका बारेमा "अनादरपूर्ण" टिप्पणी नगर्न ट्रम्पलाई चेतावनी दिएका छन्।

अरागचीले इरानी परमाणु स्थलहरूमा अमेरिकी र इजरेली हमला "उल्लेख्य केही उपलब्धि हासिल नगरेको" भन्ने दाबी गरेका थिए।"यदि राष्ट्रपति ट्रम्प सम्झौता चाहने कुरामा इमान्दार छन् भने उनले इरानका सर्वोच्च नेता ग्रान्ड आयातोल्लाह खामेनेईप्रतिको अनादरपूर्ण र अस्वीकार्य स्वर त्याग्नुपर्छ," अरागचीले एक्समा पोस्ट गरेका छन्।

"महान् र शक्तिशाली इरानी जनता जसले संसारलाई देखाए कि इजरेली सत्तासँग हाम्रा क्षेप्यास्त्रहरूबाट जोगिन 'बुबा' तिर दौडनु बाहेक अरू कुनै विकल्प छैन, कृपया यसलाई धम्की र अपमानलाई रूपमा नलिनुहोस्।" अरागचीले हालैका बम विस्फोटहरूले इरानको परमाणु स्थलहरूमा "अत्यधिक र गम्भीर" क्षति पुऱ्याएको स्वीकारेका छन्।

अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकाय (आईएइए) का प्रमुखले इरानको परमाणु क्षमता - अत्यधिक समृद्ध युरेनियम र धातु प्रशोधन गर्न आवश्यक सेन्ट्रीफ्यूजहरू सहित - कति नष्ट गरिएको छ वा सारिएको छ भन्ने कुरा अझै प्रस्ट नभएको बताएका छन्। आईएईएका महानिर्देशक राफेल ग्रोसीले समेत इरानलाई परमाणु अस्त्र बनाउनबाट रोक्ने कुरा सैन्य आक्रमणबाट हासिल नहुने बताउँछन्।

"तपाईंले यसलाई सैन्य रूपमा निश्चित रूपमा समाधान गर्नुहुन्न, त्यसका लागि सम्झौता चाहिन्छ," उनले बीबीसीको अमेरिकी साझेदार सीबीएस न्यूजलाई भने। ट्रम्पले सामाजिक सञ्जालमा दाबी गरे अनुसार हालैका दिनहरूमा उनी "प्रतिबन्धहरू हटाउने सम्भावित तरिका र अन्य कुराहरूमा काम गरिरहेका थिए जसले इरानलाई पूरै, छिटो र पूर्ण रूपमा निको हुने धेरै राम्रो मौका दिने थियो।" तर खामेनेईको टिप्पणीले आफूलाई निरुत्साहित पारेको बताएका थिए।

# "गाजामा अर्को साता युद्धविराम सम्भव"

**एएफपी**

वासिङ्टन ।संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले गाजाको जटिल परिस्थितिमा सकारात्मक सङ्केत दिँदै आउँदो साताभित्र युद्धविरामको सम्भावना रहेको आशा व्यक्त गर्नुभएको छ। इजरायलद्वारा समर्थन प्राप्त सहायता वितरण केन्द्रहरूमा बढ्दो नागरिक मृत्युका घटनाहरूलाई लिएर अन्तर्राष्ट्रिय समुदायको चासो बढ्दो छ ।पत्रकारहरूको प्रश्नको जवाफमा राष्ट्रपति ट्रम्पले भन्नुभयो, "हामीलाई लाग्छ, अर्को साता युद्धविराम सम्भव हुनेछ।"

पूर्वराष्ट्रपति जो बाइडेनको कार्यकालको अन्त्यतिर अमेरिकाको पहलमा गाजामा युद्धविराम गरिएको थियो, सो युद्धविराम मार्च महिनामा इजरायलले तोडेको थियो।त्यसपछिका दुई महिनाभन्दा बढी समय इजरायली पक्षले गाजामा खाद्यान्न तथा अन्य अत्यावश्यक सामग्री आपूर्ति पूर्ण रूपमा बन्द गरेको थियो। अहिले केही आपूर्ति अमेरिकी तथा इजरायली सहयोगमा स्थापना गरिएको गाजा मानवीय सहायता कोष (जीएचएफ) मार्फत पुनः सुरु गरिएको छ।

संयुक्त राष्ट्रसंघ तथा अन्य मानवीय संस्थाहरूले हालको सहायता वितरण प्रणालीप्रति गम्भीर चिन्ता व्यक्त गरेका छन् ।संयुक्त राष्ट्रसंघीय राहत प्रमुख फिलिप लाजारिनीले भन्नुभयो, "नयाँ सहायता प्रणालीले एक प्रकारको 'हत्या स्थल' को रूप लिएको छ। नागरिकहरू आफ्ना परिवारका लागि खाना खोज्दा गोली लागेर ज्यान गुमाइरहेका छन्।"

उहाँले यस्तो अवस्था अन्त्य गरी पूर्ववत् संयुक्त राष्ट्रसंघको सहायता प्रणाली पुनः सञ्चालनमा ल्याउन आह्वान गर्नुभयो।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार, मे महिनाको अन्त्यदेखि हालसम्म सहायता वितरण केन्द्रहरू नजिकै ५०० भन्दा बढी व्यक्तिको ज्यान गइसकेको छ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले पनि यस विषयमा चिन्ता व्यक्त गर्दै भन्नुभयो, "खाना खोज्न निस्कनु कसैका लागि मृत्युको कारण बन्नु हुँदैन।"

**इजरायलको प्रतिक्रियाः 'हामी नागरिकलाई लक्षित गर्दैनौं'**

इजरायलले यस्ता घटनामा आफ्ना सुरक्षाकर्मीहरूको संलग्नता अस्वीकार गरेको छ। उसले जीएचएफ मार्फत गाजामा ४६ मिलियन भोजन वितरण गरिएको बताउँदै मानवीय कार्यलाई गलत ढंगले प्रस्तुत नगर्न आग्रह गरेको छ।

हालै इजरायली पत्रिका हारेत्ज मा प्रकाशित एक समाचारमा सैनिकहरूलाई भिड तितरबितर पार्न गोली चलाउन निर्देशन दिएको उल्लेख गरिएको छ। यसबारेमा इजरायली सेनाको कानुनी निकायले पनि अनुसन्धान गर्न निर्देशन दिएको बताइएको छ।

तर प्रधानमन्त्री नेतान्याहू र रक्षामन्त्री इजरायल काट्जले संयुक्त वक्तव्य जारी गर्दै सो समाचारलाई 'झुटा आरोप र दुर्भावनापूर्ण प्रचार' भनेका छन्।

**द्वन्द्व जारी**

गाजाको नागरिक सुरक्षा विभागका अनुसार, शुक्रबार मात्रै इजरायली हमलामा ८० जना मारिएका छन्, जसमध्ये केही सहायता लिन जाँदा, केही विद्यालयमा बसीरहेका र केही सडकमा रहेको अवस्थामा मारिएका थिए।

यसैबीच, हमास र इस्लामिक जिहादका सशस्त्र समूहहरूले दक्षिण गाजाको खान युनिस क्षेत्रमा इजरायली सेनामाथि आक्रमण गरेको दाबी गरेका छन्।

# देशभर धमाधम रोपाइँ जारी



काठमाण्डु । समयमै मनसुन सुरु भएपनि यस पटक धान रोपाइँ देशभर १७ दशमलव दुई प्रतिशत क्षेत्रमा मात्रै भएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार यही असार १४ गतेसम्म सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी अर्थात् ४० प्रतिशत क्षेत्रमा धान रोपाइँ भएको छ ।

कर्णाली प्रदेशमा २३ दशमलव नौ प्रतिशतमा धान रोपाइँ सम्पन्न भएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार, धानको भण्डारको रुपमा परिचित मधेश प्रदेशमा भने सबैभन्दा कम अर्थात् आठ दशमलव दुई प्रतिशत मात्रै धान रोपाइँ भएको छ ।

यसैगरी कोशी प्रदेशमा १३ दशमलव सात प्रतिशत, वाग्मतीमा १९ दशमलव छ प्रतिशत, लुम्बिनीमा १८ दशमलव पाँच प्रतिशत धान रोपाइँ भएको छ । त्यस्तै, गण्डकी प्रदेशमा १२ दशमलव चार प्रतिशत क्षेत्रमा धान रोपाइँ भएको छ ।

सरकारले धान उत्पादनमा आत्मनिर्भर बन्ने लक्ष्यका साथ सहज रुपमा रासायनिक मल उपलब्ध गराउने र उन्नत बीउको प्रबन्ध गरेको छ । सयममै मनसुन समेत शुरु भएकाले यस बर्ष उल्लेख्य रुपमा धान खेती हुने अपेक्षा गरिएको छ ।

नेपालमा करिब १४ लाख हेक्टरभन्दा बढी क्षेत्रफलमा धान खेती गरिन्छ । देशभरका ७७ जिल्लामध्ये ७५ जिल्लामा धान खेती हुने गरेको छ । कुल खेतीयोग्य जमिनको करिब ५० प्रतिशत क्षेत्रमा धान खेती गरिने तथ्यांक छ ।रासस

# ‘ड्रागन फ्रुट’ खेतीतर्फ आकर्षित हुँदै सुर्खेतका किसान

वीरेन्द्रनगर ।सुर्खेतमा ड्रागन फ्रुटको सम्भावनाले किसानलाई नयाँ आशा दिएसँगै यहाँका किसान ड्रागन फ्रुट खेतीतर्फ आकर्षित हुँदै गएका छन् । जिल्लामा ड्रागन फ्रुटको सम्भावना देखिएपछि ४५ जना किसानले व्यावसायिक खेती सुरु गरेका हुन् ।

वीरेन्द्रनगर-८ का कृष्ण अधिकारीले चार वर्षदेखि ड्रागन फ्रुटखेती गर्दै आउनुभएको छ । कोरिया पढ्न जानुभएका अधिकारी पढाइ सकेर नेपाल फर्केपछि काठमाडौँमा कोरियन भाषा पढाउन सुरु गरे पनि उहाँलाई आफ्नै माटोले तान्यो । कृषि पेसामा केही गर्छु भन्ने यृाजनासहित उहाँले ड्रागन फ्रुटको खेती सुरु गर्नुभएको थियो ।

अहिले अधिकारीको आम्दानीको स्रोत ड्रागन फ्रुट बनेको छ । करिब ४० लाख लागत लागेको बताउँदै उहाँले ड्रागन फ्रुट, कुरिलो, फूल र मौरीपालन गरेको जानकारी दिनुभयो । अधिकारीले वीरेन्द्रनगर-११ ग्रागेतालमा २३ कट्ठा जमिन भाडामा लिएर कर्णाली ड्रागन कृषि तथा पशुपक्षी फार्म दर्ता गरी व्यावसायिक खेती सुरु गर्नुभएको हो । उहाँले २० कट्ठामा ड्रागन र बाँकीमा जग्गामा कुरिलो, फूल र मौरीपालन गर्दै आइरहेको बताउनुभयो ।



सुरूवातमा सात सय ५० पोलमा तीन हजार ड्रागनका बिरुवा लगाएको जनाउँदै अधिकारीले फार्ममा हाल नौ सय पोलमा तीन हजार ६०० बेर्ना उत्पादनमूलक बनेका बताउनुभयो । बिरुवाले एक वर्षमा उत्पादन दिने हुँदा लगानी छिटो उठ्ने उहाँको भनाइ छ ।

उहाँले भारतबाट ‘सियाम रेड’ जातका ड्रागनका बेर्ना ल्याएर खेती सुरु गर्नुभएको थियो । वार्षिक रु एक लाख भाडा तिर्ने उक्त जमिन अहिले अधिकारीको आम्दानीको स्रोत बनेको छ । ड्रागनको उत्पादन जेठदेखि मङ्सिरसम्म हुने गर्दछ । कोपिला आएको ३५ दिनमा फल बजार पठाउन सकिन्छ ।

यो वर्ष पहिलो सिजनमा एक सय ५० किलो फल उत्पादन भइसकेको अधिकारीले जानकारी दिनुभयो । “दोस्रो सिजनको फल बजार पठाउन सुरु भइसकेको छ । यस सिजनमा २० क्वीन्टलभन्दा बढी उत्पादन हुने अनुमान छ”, उहाँले भन्नुभयो ।

गत वर्ष ६० क्वीन्टल फल बिक्री गरेर रु २२ लाख आम्दानी गरेको अधिकारीले जानकारी दिनुभयो । यस वर्ष उत्पादन बढेर एक सय क्वीन्टल पुग्ने अनुमान गरिएको भन्दै करिब रु ३० लाखको कारोबार हुने अपेक्षा गरिएको उहाँले उल्लेख गर्नुभयो । “खुद्रा बजारमा प्रतिकिलो रु चार सय र थोकमा रु तीन सय ५० मा बिक्री हुँदै आएको ड्रागनको माग दिनानुदिन बढ्दो छ । एक पटक लगाएको ड्रागनको बिरुवाले २० वर्षसम्म फल दिन्छ”, उहाँले भन्नुभयो ।

ड्रागनसँगै उहाँले कुरिलो खेती गर्नुभएको छ । चैतदेखि भदौसम्म फल दिने यो वनस्पति एकपटक लगाएपछि १० वर्षसम्म उत्पादन दिन्छ । यस वर्ष मात्रै कुरिलो बिक्री गरेर उहाँले रु ६० हजार आम्दानी गरेको बताउनुभयो । कुरिलो र्प्रतिकलिो रु छ सयमा बिक्री हन्छ ।

मौरीपालन सुरु गर्न परीक्षणमा तीन घार मौरी राखेको बताउँदै अधिकारीले यस वर्ष मौरीको घार विस्तार गरी ६० वटा पुर्‍याउने योजना रहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “अहिले मौरी परीक्षणका लागि तीन घार मात्र राखेका छौँ । उत्पादन प्रशस्त हुने अपेक्षा छ । यस वर्ष मौरीको घार ६० सम्म पुर्‍याउने तयारीमा छौँ ।”

कृषिमा आत्मनिर्भर हुँदै जानुभएको अधिकारीले फार्ममा एक जनालाई स्थायी रोजगारी पनि दिनुभएको छ । उहाँलाई मासिक रु १७ हजार तलब दिने गरेको अधिकारीले बताउनुभयो । उहाँका अनुसार ड्रागन र कुरिलोका बिरुवा उत्पादन र बिक्रीबाट वार्षिक रु मात्र एक लाख ५० हजार आम्दानी हुने गरेको छ ।

अधिकारी जस्तै वीरेन्द्रनगर-१२ की पद्मा रावत ड्रागन फ्रुटको खेतीमा रमाउन थाल्नुभएको पाँच वर्ष भयो । विसं २०७७ मा मालिका कृषि तथा ड्रागन फ्रुट फार्म स्थापना गरी श्रीमान् वीरबहादुर बुढा र उहाँले खेती गर्ने योजना बनाउनुभएको थियो । विसं २०७७ चैतमा बिरुवा लिन भारतको गुजरात पुग्नुभयो । त्यतिबेला कोरोना सङ्क्रमण महामारीका रूपमा फैलिएको थियो । कोरोनाका कारण वीरबहादुरको विसं २०७८ वैशाख १७ गते मृत्यु भएपछि रावतले व्यवसायलाई निरन्तरता दिँदै आउनुभएको हो ।

रावतले छ सय ५० पोलमा दुई हजार ६०० बिरुवाबाट सुरु गर्नुभएको ड्रागन फ्रुटको खेती अहिले एक हजार ४०० पोलमा पाँच हजार ६०० बिरुवा पुगेका छन् । वार्षिक रु तीन लाख तिर्नेगरी जग्गा १५ वर्षका लागि सम्झौता गरी भाडामा लिएको उहाँले जानकारी दिनुभयो ।

“यस वर्षको पहिलो सिजनको ड्रागन बजार पठाउन सुरु भएको छ । अहिलेसम्म दुई क्वीटल बिक्री गरिसकेकी छु । एउटा बोटले आठ पटकसम्म उत्पादन दिन्छ । एउटा खम्बामा चार वटाका दरले बिरुवा रोप्ने गरिन्छ । यो फलको मूल्य अहिले केही घटेको छ, पहिला जस्तो अहिले आम्दानी हुँदैन तर आफूलाई घर खर्च र छोराछोरीको पढाइ खर्च पुगेको छ”, उहाँले भन्नुभयो ।

वर्षमा रु छ लाखसम्म आम्दानी हुने गरेको रावतले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “नयाँ रोपेका बिरुवाले फल दिने समय नभएकाले आम्दानी कम भएको हो । ड्रागनका बिरुवा बिक्री गरेर वार्षिक रु तीन लाख आम्दानी हुन्छ”, उहाँले भन्नुभयो । उहाँले फार्ममा तरकारी, फूलका बेर्ना लगाउनुका साथै कुखुरा र बाख्रापालन पनि गर्दै आउनुभएको छ ।

कर्णाली ड्रागन उत्पादन महासङ्घ, कर्णाली प्रदेशका अध्यक्ष महेन्द्र खनालले पछिल्लो समय सुर्खेतका किसान ड्रागन खेतीतर्फ आकर्षित हुन थालेका बताउनुभयो । उहाँका अनुसार अहिले सुर्खेतमा ४५ जना किसानले ड्रागन फ्रुटको खेती गर्दै आइरहनुभएको छ । उहाँका अनुसार करिब ७० हेक्टर क्षेत्रफलमा ड्रागन फ्रुटको खेती भइरहेको छ ।

खनालका अनुसार हाल उत्पादन भएका ड्रागन सुर्खेतमा बिक्री हुनुका साथै नेपालगञ्ज र काठमाडौँसम्म पठाइने गरिएको छ । सरकारी तथा निजी क्षेत्रको सहकार्यमा बजार पहुँच, भण्डारण सुविधा र प्रविधिको पहुँच सुनिश्चित गरिएमा ड्रागन फ्रुट खेतीले कर्णाली प्रदेशको कृषि व्यवसायलाई नयाँ उचाइमा पुर्‍याउन सक्ने अध्यक्ष खनालले बताउनुभयो ।रासस

# लेक उक्लिए गोठाला

ढोरपाटन । बर्खामा लेक र हिउँदमा बेसी सर्ने पश्चिम बागलुङका गोठालाको परम्परानै भइसक्यो।निसीखोला,तमानखोला र ढोरपाटनका धेरैजसो स्थानीयको मुख्य पेसा पशुपालन भएकाले चरिचरनका लागि लेकबेसी गर्ने गर्छन् ।

यस वर्ष पनि बर्खा लागेसँगै गोठालाहरु वस्तुभाउ लिएर लेक उक्लिन थालेका छन् । असार पहिलो सातादेखि नै लेक उक्लिन सुरु गरेका गोठलाहरु कोही गोठमै पुगिसके भने कोही बीच बाटोमै छन् । असार अन्तिम सातासम्म सबै गोठला लेकमा पुगिसक्छन् ।एकै परिवारले सयौँको सङ्ख्यामा पशुपाल्ने हुँदा हिउँद बर्खा लेकबेसी गर्नु परेको हो । यतिबेला लेकमा उक्लिएका गोठलाहरु अब असोज ५ गतेपछि मात्रै बेसी झर्छन् । बर्खाभरी लेकमा बस्ने गोठलाहरुले चार महिनालाई पुग्ने खाद्यान्न र लत्ताकपडा बोकेर जाने गर्छन् ।

लेकमा बस्ने अधिकांश किसानको भेडीगोठ हुन्छ । केहीले गाई र भैँसी पनि लिएर गएका हुन्छन् । बर्खाभरी लेकमा बस्दा पशुको रेखदेखसँगै चोयाबाट बन्ने डोको, नाङ्लो, डाली, मान्द्रो र काठबाट बन्ने सामग्री बनाउने गर्छन् । जसले उनीहरुको आयआर्जनमा टेवा पुर्‍याएको हुन्छ।

गोठालाहरु समुन्द्री सतहदेखि चार हजार ८०० मिटरको उचाईसम्म पुगेर गोठ बनाएर बस्ने गर्छन् । ढोरपाटन-९ का तिलबहादुर मगरले यसपाली ढिलो गरी लेक उक्लिनुभयो । उहाँ गत वर्ष उहाँ असारको ३ गतेनै गर्पाछिडा पुग्नु भएको थियो ।

मगरले भन्नुभयो, “मेरा साथीहरु त एक साता पहिलेनै लेकमा पुगिसके, यसपाली घरमा काम गर्ने मान्छे थिएनन्, बारी बाँझो राख्न भएन, कोदो लगाएर जाउँ भन्दा ढिलो भयो, ढिलै भए पनि जसोतसो आइयो, मेरा १२/१५ वटा गाई र गोरु छन् ।”६७ वर्षीय मगरले आफू नौ वर्षको उमेरदेखि भेडीगोठसँग लेकबेसी गर्न थालेको बताउनुभयो । गाउँमा वस्तुभाउ पाल्ने सबै किसानहरु लेक उक्लिसकेको उहाँको भनाइ छ । बर्खाको समय गाउँ सुनसान हुने भन्दै दसैँ सुरु हुन थालेपछि मात्रै मान्छेहरुको चहलपहल हुने मगरले बताउनुभयो ।



पहिलेको तुलनामा अहिले पशुपालन गर्नेहरुको सङ्ख्या कम हुँदै गएको उहाँ बताउनुहुन्छ । आफूले लामो समयदेखि पशुपालन गर्दै आएको कतैबाट अनुदान नपाएको मगरले गुनासो पोख्नुभयो ।खासगरी किसानहरु रिग, सोलेडाँडा, गर्पाछिडा, टिकाधार, पोखरा, दहखर्क, खानीखोलालगायतका लेकमा पुग्ने गर्छन् । यि क्षेत्रमा पश्चिम बागलुङका मात्रै नभएर रोल्पा, रुकुम, डोल्पाबाट पनि सयौँको सङ्ख्यामा गोठालाहरु भेडा लिएर आउने गरेको निसीखोला गाउँपालिका-६ का पृथराम घर्ती मगरले बताउनुभयो ।

लेकमा धेरै ठाउँबाट गोठालाहरु आउँदा रमाइलो हुने भन्दै समस्या पर्दा एकले अर्कालाई सहयोग गर्ने उहाँको भनाइ छ । लेकमा पर्याप्त घाँस हुने हुँदा धेरै जसो गोठालाहरु बर्खाको समय बसीमा नबस्ने घर्ती मगरले सुनाउनुभयो । उहाँका ५०० बढी भेडाहरु छन् ।

“बाउबाजेले भेडाबाख्रा नपालेको भए सायद अहिले हामीहरु यो पेसामा हुने थिएनौँ, ऊ बेला पढाइ गर्ने चलन थिएन, म अहिले ७९ वर्षमा लागे, जन्मेदेखि नै बाउआमाले मलाई गोठमा हिँडाउनु भएको रैछ, त्यही भएर होला यो पेसा छोड्नै मन लाग्दैन” घर्ती मगरले भन्नुभयो, “बुढेसकाल लाग्यो, अब त केही वर्षपछि लेक उक्लिन सकिदैन होला, बर्खामा बेसीमा वस्तुभाउ राख्न पाइँदैन, त्यहाँ बारीभरी खेती गरिएको हुन्छ, त्यही भएर अब दसैँ मान्न मात्रै तल झर्ने हो ।”

लेकबेसी गरेरै आफ्नो छ दशक बितेको तमानखोलाका गोरबहादुर रसाइलीले बताउनुभयो । दुई महिनाका लागि चाहिने अन्नपात लिएर लेक उक्लिन थालेको उहाँको भनाइ छ । बिरामी नपरे र कुनै समस्या नभए भदौमा मात्रै खर्च लिन घर झर्ने रसाइलीले बताउनुभयो । गाउँबाट लेक पुग्न झण्डै दुई दिन लाग्ने हुँदा लामो समयका लागि एकै पटक खर्च लिएर जाने गरेको उहाँ बताउनुहुन्छ ।

“अब आउने दसैँमा २०/३० वटा जति भेडा बिक्री गर्नु छ, त्यसले गर्दा पोहोर सालभन्दा केही दिन अगाडि बेसी झर्ने योजना बनाएको छ, अरु केही गर्न सकिएन यस सम्पत्ति पालेरै जीविको चलाएका छौँ, आठ/दश भेडा वर्षै पिच्छे बिक्री हुन्छन्, त्यहीबाटै नुन तेल खाने पैसा आउँछ, बेसीमा मात्रै बसेर वस्तुभाउ पाल्न सकिदैन” रसाइलीले भन्नुभयो ।रासस

# डेङ्गी सङ्क्रमण बढ्न थालेपछि ‘खोज र नष्ट गर’ अभियान सुरु

बनियानी । गत वैशाखयता जिल्लामा डेङ्गी सङ्क्रमण बढ्न थालेपछि ‘खोज र नष्ट गर’ अभियान सुरु गरिएको छ । गत वैशाखदेखि असार १३ गतेसम्म जिल्लामा ६१ जनामा डेङ्गी सङ्क्रमण देखा परेको हो ।

बिर्तामोड नगरपालिकाअन्तर्गत स्वास्थ्य शाखाका महामारीजन्य रोग नियन्त्रण रोकथाम कार्यक्रम संयोजक ओम खड्काका अनुसार बिर्तामोडमा ५४, दमक नगरपालिकामा एक र गौराहद नगरपालिकामा छ सङ्क्रमित फेला परेका हुन् ।“बिर्तामोडमा डेङ्गी सङ्क्रमण उच्च देखिएको छ”, उहाँले भन्नुभयो, “यहाँ अन्य जिल्लाबाट उपचारका लागि आउने बिरामीको परीक्षण गर्दा सङ्क्रमणदर उच्च देखिएको हो ।” जिल्लामा चालु



आर्थिक वर्षको असार १३ गतेसम्म एक हजार दुई सय ९१ जना डेङ्गी सङ्क्रमित फेला परेका खड्काले जानकारी दिनुभयो ।

यसैबीच, डेङ्गी सङ्क्रमण बढ्न थालेको भन्दै बिर्तामोडमा लामखुट्टेको लार्भा ‘खोज र नष्ट गर’ अभियान सुरु गरिएको छ । नगरपालिकाको सहभालहमा आज ‘डेङ्गीसहित विभिन्न किटजन्य रोग नियन्त्रणका लागि लामखुट्टेको बासस्थान खोजी गरी लार्भा नष्ट गर्न सरोकार भएकासँग अभिमुखीकरण’ कार्यक्रम आयोजना गरी उक्त अभियानको सुरुआत गरिएको हो ।

नगरपालिकाका कार्यवाहक नगरप्रमुख नगेन्द्र सङ्ग्रौलाले अभियानको शुभारम्भ गर्दै रोग लाग्नुभन्दा लाग्न नदिने वातावरण सिर्जना गर्न सबैले सहकार्य र समन्वय गरी सचेत हुनुपर्ने बताउनुभयो । नगर क्षेत्रमा रहेका सहकारी, बैंकलगायत सङ्घसंस्थाहरूले सामाजिक उत्तरदायित्वअन्तर्गत महामारीजन्य रोग नियन्त्रण सहकार्य गर्न उहाँले सबैलाई आग्रह गर्नुभयो ।

बिर्ता बजार क्षेत्रमा रहेका मोटरसाइकल ग्यारेज, पसललगायत सम्भावित स्थानमा गएर लार्भा नष्ट गरिएको छ । अभिमुखीकरण कार्यक्रममा नगरका १० वटै वडाका आधारभूत स्वास्थ्य केन्द्रलाई महामारीजन्य रोग नियन्त्रणका लागि ‘पोर्टेबल महामारी किट’ वितरणगरिएकोनगरउपप्रमुखसमेत रहनुभएका सङ्ग्रौलाले जानकारी दिनुभयो ।रासस


## भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषा

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा सुगामधुकरही गा.वि.स. वडा नं. ७ हाल परिवर्तित हंसपुर न.पा.वडा न.४ मा बस्ने बच्चा मण्डलको नाती केश्वर मण्डल धानुकको छोरा धनेश्वर मण्डल धानुकले मेरा नाममा साविक मौजे सुगामधुकरहीको सा.कि.नं.१९२६ को ०-४-४ जग्गा सर्वे नापी हुँदा जि.ध.गा.वि.स. सुगामधुकरही बड़ा नं.७क कि.नं.२९७ क्षेत्रफल ०-१-१५-२, ऐ.ऐ.कि.नं.२९८ क्षेत्रफल ०-०-१२-० र ऐ.ऐ.कि.नं. २९९ क्षेत्रफल ०-०-१५-० जग्गा मेरो नाउँमा नै नापनक्सा भई दर्ता गर्न छुट भएकोले भरो नाममा छुट जग्गा दर्ता गरि पाउँ भनी द.नं.१८५८० मिति २०८१/११/२० को माग निवेदन रहेकोमा धनेश्वर मण्डल धानुकको मिति २०८१/११/२६ मा मृत्यु भई निजको हकभोग खाने पत्नी परमजोतिया देवीको पनि मिति २०४३/०७/१० मा मृत्यु सकेकोले निजहरुको हकभोग अपुताली खाने दुई छोराहरु जेठो रामपूत मण्डल-१ र कान्छा छोरा राम भजन मण्डल-१ मात्र भएकोमा जेठो छोरा रामपुत मण्डलको मंजुरीले कान्छा छोरा राम भजन मण्डलको नाममा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी द.नं.२६३३७ मिति २०८२/०२/१८ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/०३/१३ को आदेशानुसार यो ३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | सुगामधुकरही | ७क | २९७ | ०-१-१५-० | यो जग्गा प. सुगामधुकरही वार्ड नं. ७ बस्ने धनेश्वर मण्डल धानुकको नम्बरी हो । रामेश्वर जादव द...... |
| धनुषा | सुगामधुकरही | ७क | २९८ | ०-०-१२-० | |
| धनुषा | सुगामधुकरही | ७क | २९९ | ०-०-१५-० | |



## मिथिला बिहारी नगरपालिका

**नगरकार्यपालिकाको कार्यलय**

**तारापट्टी, धनुषा**

**मधेश प्रदेश, नेपाल**

## आशयको सूचना

**प्रकाशन मितिः२०८२।०३।१५**

यस नगरकार्यपालिकाको कार्यालय बाट मिति २०८२/२/९ गते निकालिएको बोलपत्र र मिति २०८२/०२/२० गते निकालिएको सिलबन्दी दरभाउपत्र eGP Online मार्फत तथा जनकपुर टुडे दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यका लागि दर्ता हुन आएका बोलपत्रहरु र सिलबन्दी दरभाउपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्रदाता र सिलबन्दी दरभाउपत्रदाताको प्रस्ताव सारभुत रुपमा प्रभावग्राह्य न्यूनतम मूल्याङ्कित भएकोले बोलपत्र र सिलबन्दी दरभाउपत्र स्वीकृतीको लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाता र सिलबन्दी दरभाउपत्रदाताहरुलाई ७(सात) दिने आशयको सूचना समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

| सि. न. | ठेक्का नं. | सूचना प्रकाशित मिति | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल गरेको रकम ने.रू. मा (मु.अ.क. बाहेक) |
|---|---|---|---|---|---|
| 1. | 7/1/2081-82/ NCBG/MBM | 2082-02-09 | Procurement of Handpipe Materials | Aditya Suppliers, Adarshnagar-10, Nepalginj | 21,40,350.00 |
| 2. | 08/01/2081-82/ SQG/MBM | 2082-02-20 | Supply and Delivery of Sanitary Pad | Jasmine Hygiene Products Pvt.Ltd, Balbhadra chowk, Dharan road | 519,792.00 |
| 3. | 08/02/2081-82/ SQG/MBM | 2082-02-20 | Supply and Delivery of Medicine | Lavmedical, Jaleshwor-4, Mahottari, Neapl | 1,070,940.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

# माइन्जनबाट पीडित शकुन्तला न्याय गुहार्दै


टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको हँसपुर नगरपालिकामा परम्परागत रितिरिवाज अनुसार छोरीको विवाह नगरेको भन्दै एक परिवारलाई माइन्जनले भातपानीसमेत निषेध गरेको छ ।

जिल्लाको हसपुर नगरपालिकास्थित रमनगरामा शकुन्तला देवी मुखियाकी छोरी अञ्जली मुखियाले छिमेकी सन्तु मुखियासंग गुपचुप रुपमा प्रेम विवाह गरेको भन्दै विन मुखिया समाजका अगुवा माइन्जन उद्गार मुखियाले जरिवानासहित भोजभतेर गरेर मात्रै छोरीको विवाह मान्य हुने वा नहुने विषयको फैसला हुने सुनाएको पीडित शकुन्तला देवीले आरोप लगाइन् ।

फागुन महिनामा शिवरात्रिको दिन छोरीले विवाह गरेको गर्दा आफूलाई समेत जानकारी नदिएकोमा दुःखी रहँदा नै माइन्जनले थप पीडा दिएको पीडित शकुन्तलाले बताइन् ।

पीडित शकुन्तलाले भनिन्, 'बिन मुखिया समाजका माइन्जन अध्यक्ष उद्गार मुखिया र अगुवा शिवु मुखियाको समूहले आफूलाई गाउँ समाजमा छिमेकीहरुसंग समेत कसैसंग बोलचाल गर्न, कसैको घरमा आवतजावत गर्न, एकअर्कासंग सहयोग लिन वा गर्नमा समेत प्रतिबन्ध लगाएको छ भने कुनै पनि चापाकलको पानी लिनबाट समेत आफूलाई निषेध गर्दा बालबच्चालाई पोखरीको पानी खुवाउनु परेको छ ।'




उनले आफूसंग कोही बोलचाल गर्दा ५ हजार ५५१ जरीवाना समेत तोकेको बताइन् । शकुन्तलाको श्रीमान वैदेशिक रोजगारमा छन् । घरमा ७५ वर्षीय ससुरा सुकन मुखिया प्रायः अस्वस्थ्य रहने गरेका छन् भने दुई छोरा पनि छन् । समाजमा माइन्जनले प्रतिबन्ध तथा निषेध गरेपछि घरमा खानपानबाट वञ्चित हुँदा पोखरीको पानी खानु परेको अवस्था छ ।

पीडित शकुन्तला राष्ट्रिय मानवअधिकार आयोग जनकपुरधामका प्रमुख बुद्धनारायण सहनी कहाँ पनि उजुरी दिएका छन् । कार्यालय प्रमुख सहनीले कानुनको पालना गर्नका गरी शान्ति सुरक्षाको व्यवस्था मिलाउन जिल्ला प्रहरी कार्यालय धनुषालाई ध्यानाकर्षण गराएका थिए । उनले यस विषयमा स्थलगत अनुगमन गरी न्यायका लागि पहलकदमी लिने बताए ।

पीडित शकुन्तलाले धनुषा प्रहरीका प्रहरी नायब उपरीक्षक बरुण सिंहलाई समेत आफ्नो पीडा सुनाउँदै न्यायका लागि गुहार लगाइन् ।

यता यस घटनाबारे हँसपुर नगरपालिकाका मेयर प्रदीप यादवले सो घटनाबारे बुझ्रेर कारबाही प्रक्रिया अगाडि बढाउने बताए ।

पीडित शकुन्तलाले जातीय तथा सामाजिक छुवाछुत र भेदभाव मुद्दामा जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दिएकी छन् ।

सो घटनामा आरोपितलाई जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसुर सजाय ऐन २०६८ को दफा २(१) अनुसार कसैले पनि जातिय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव गर्ने वा गराउन हुदैन भनि भएको कानून व्यवस्थाको प्रतिकूल विपक्षी ऐ. ऐनको दफा ४ बमोजिमको कसूर गरेकोले ऐ. ऐनको दफा ५ बमोजिम मुद्दा लाग्न सक्ने व्यवस्था छ ।

# नागरिकता विधेयक प्रतिनिधिसभाबाट पारित

टुडे समाचारदाता

काठमाण्डु । 'नेपाल नागरिकता (दोस्रो) विधेयक, २०८२' प्रतिनिधिसभाको बैठकबाट बहुमतले पारित भएको छ । शनिबारको बैठकमा गृहमन्त्री रमेश लेखकले सो विधेयक पारित गरियोस भनी प्रस्ताव पेश गरेका थिए । त्यसअघि शनिबार गृहमन्त्री लेखकले 'राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनसहितको नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक २०८१ माथि छलफल गरियोस्' भन्ने प्रस्ताव पेश गरेका थिए ।

सो प्रस्ताव पेश गर्दै गृहमन्त्री लेखकले नेपाली नागरिक आमाबाट जन्म भएका सन्तानले आमाकै नामबाट नागरिकता पाउने व्यवस्थालाई विधेयकमा प्रत्याभूति गरिएको बताए । गृहमन्त्री लेखकले भने, 'आमाको नामबाट नागरिकता पाउने व्यवस्था सुनिश्चित गर्नका लागि यो विधेयक आएको छ । नागरिकतासम्बन्धी विषयमा विभिन्न समयमा अदालतबाट भएका फैसलालाई यो विधेयकमार्फत कार्यान्वयनमा ल्याउन खोजिएको छ ।'

वैदेशिक रोजगारमा गएका महिलाहरूले विदेशमा सन्तान जन्माउने तर नेपाल फर्किदा त्यस्ता सन्तानले नागरिकताविहीन हुनुपर्ने अवस्था नरहने उनको भनाइ छ । विधेयकमा 'नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको र बाबुको पहिचान नभएको व्यक्तिले तोकिए बमोजिम स्वघोषणा गरेमा अङ्गिकृत नेपाली नागरिकता प्राप्त गर्नसक्ने' व्यवस्था राखिएको छ । त्यस्तै १६ वर्ष उमेर पूरा नभएको र बाबु वा आमामध्ये कम्तीमा एक जना नेपाली नागरिक रहेको नाबालकलाई नाबालक परिचयपत्र दिन सकिने व्यवस्था विधेयकमा राखिएको छ ।




विधेयकमाथिको छलफलका क्रममा सांसद प्रकाश ज्वालाले यो विधेयक पारित भएर कार्यान्वयनमा आएपछि आमाको नामबाट नागरिकता पाउने बाटो खुल्ने विश्वास व्यक्त गरे । वास्तविक नेपाली नागरिक नागरिकता पाउनबाट वञ्चित हुन नपरोस् र गैरनागरिकले कुनै पनि अवस्थामा नागरिक नपाओस् भनेर कानुनी व्यवस्था गर्न यो विधेयक महत्वपूर्ण हुने सांसद ज्वालाले बताए ।

सांसद ज्वालाकुमारी साहले राष्ट्रिय सुरक्षा, एकता र सम्प्रभुतामा असर नपर्ने गरी नागरिकतासम्बन्धी व्यवस्था गर्न यो कानुन आवश्यक रहेको बताइन् । त्यस्तै, नेपाली महिलाले विदेशी नागरिकसँग विवाह गरेको अवस्थामा त्यस्ता अभिभावकबाट जन्मेका सन्तानले आमाको नामबाट नेपाली नागरिकता लिन चाहेमा त्यस्ता नागरिक अब नागरिकताविहीन हुनुपर्ने अवस्था हट्ने उनको भनाइ छ ।

सांसद प्रेम सुवालले सीमा क्षेत्रका नागरिकले जहिल्यै नागरिकतासम्बन्धी समस्या भोग्नु परेको बताउँदै यसमा विधेयकमार्फत स्पष्ट व्यवस्था ल्याइनुपर्ने बताए । आमाको नामबाट नागरिकता दिने व्यवस्था राम्रो भए पनि बाबुको खोजी गर्न आवश्यक रहेको धारणा उनले राखिन् ।

सांसद रामकृष्ण यादवले यो विधेयक पारित भएर कार्यान्वयनमा जाँदा नागरिकतासम्बन्धी अहिले देखिएका समस्या समाधान हुने विश्वास व्यक्त गरे । तराईका जिल्लामा नागरिकतासम्बन्धी समस्या धेरै रहेको उल्लेख गर्दै उनले नागरिकताविहीन व्यक्तिहरु राज्यबाट पाउनुपर्ने सेवा सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था रहेको बताए । यो विधेयकमा राखिएका व्यवस्थाले त्यस्ता व्यक्तिको समस्या समाधान गर्ने सांसद यादवको भनाइ थियो ।

सांसद रञ्जुकुमारी झाले आमाको नामबाट नागरिकता दिन मिल्ने भनेर सर्वोच्च अदातलले दिएको आदेशको नजिर कार्यान्वयन हुने गरी यो विधेयक आएको बताइन् । सांसद चित्रबहादुर केसीले नागरिकताको विषयमा सदनमा धेरै छलफल र विमर्श भएको भए पनि भारतसँगको खुला सीमाका कारण देखिएको नागरिकतासम्बन्धी विवाद र समस्यालाई यो विधेयकले समाधान गर्न नसक्ने भन्दै चिन्ता व्यक्त गरे ।

# बैंकिङ कसूर मुद्दाका प्रतिवादी रौतहटका जैसवाल पक्राउ



टुडे समाचारदाता

रौतहट । बैंकिङ कसूर मुद्दामा फरार रहेका रौतहटका राधा मोहन प्रसाद जैसवाललाई प्रहरीले काठमाण्डुको सिनामंगल क्षेत्रबाट पक्राउ गरेको छ ।

गौशाला प्रहरी वृत्तका अनुसार जैसवाललाई बाटो हिँडिरहेका अवस्थामा बिहिवार फेला पारि पक्राउ गरिएको प्रहरीले शनिबार सार्वजनिक गरेको छ । प्रहरीको विशेष निगरानी र अनुसन्धानपछि जायसवाल लाई नियन्त्रणमा लिइएको डीएसपी सुकदेव खनालले जानकारी दिएका छन् ।

मधेश प्रदेश रौतहट जिल्लाको माधव नारायण नगरपालिका-१ का जैसवालविरुद्ध बैंकिङ कसूर मुद्दामा पक्राउ अनुमति काठमाण्डु जिल्ला अदालतबाट जारी भएको थियो । फरार रहेकाले उनले विदेश भाग्न सक्ने सम्भावना रहेको भन्दै गौशाला प्रहरी वृत्त अन्तर्गतको अपराध अनुसन्धान तथा कारबाही शाखाले राहदानी विवरण माग गर्दै राहदानी विभागमा पत्राचारसमेत गरेको थियो ।

हाल जैसवाललाई आवश्यक अनुसन्धान प्रक्रिया पूरा गरी अदालतमा पेश गर्ने तयारी भइरहेको डीएसपी खनालले बताएका छन् । जैसवाल वैदेशिक रोजगारीमा विभिन्न देशमा पठाउने नाममा कैयौं मानिससंग लाखौं रुपैयाँ ठगी गरेर लामो समय देखि लुकिछिपी बस्दै आएका थिए ।

# ट्युबवेल जडान गरेको भन्दै लाखौं खर्च

टुडे समाचारदाता

राजविराजासप्तरीकोछिन्नमस्ता गाउँपालिकाले दलितको नाममा ट्यूबवेल जडानका गरिएको भन्दै दुई वर्षयता ६१ लाखभन्दा रुपैयाँ बढी रकम गरेको छ । तर पनि दलित बस्तीमा अझै ट्यूबवेल पुगेको छैन ।



गाउँपालिकाले आर्थिक वर्ष ०७९/०८० र ०८०/८१ मा स्वच्छ खानेपानीको पहुँचभन्दा बाहिर रहेका जनताका लागि भन्दै ट्यूबवेल जडानमा ६१ लाख २९ हजार २ सय २१ रुपैयाँ प्रक्रिया विपरीत खर्च गरेको देखाइउको छ । तर वडा नम्बर ५ मा ९० दलित परिवारको बसोबास रहेको मुसहर टोलमा ट्यूबवेल जडान भएको छैन ।

दलित परिवारहरु अझै पनि एउटै ट्यूबवेलको भरमा छन् । उनीहरु वर्षौंअघिको सो ट्यूबवेलबाटै पानी पिउने, हातमुख धुने, नुहाउने र भाँडा माझ्न बाध्य छन् । गाउँपालिकाले दुई वर्षयता ट्यूबवेल जडान गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को ख्याल नगरी कोटेसनबाट सोझै ट्यूबवेल जडान गरेको भनि खर्च देखाएको छ भने दलित बस्तीमा आइरनरहित ट्यूबवेल जडान गरेको पनि खर्च देखाएको छ ।

महालेखा परीक्षकको लेखापरीक्षण प्रतिवेदनअनुसार गाउँपालिकाले गत वर्ष गणेश निर्माण सेवाबाट ६ लाख ९२ हजार ६ सय १८ रुपैयाँमा दलित बस्तीमा आइरनरहित ट्यूबवेल र स्लाव जडान, माछापुच्छेकन्स्ट्रसन सप्लायर्स एन्ड इन्भेस्टमेन्टबाट ४ लाख ४८ हजार ४ सय ९१ रुपैयाँमा आइरनरहित ट्यूबवेल खरिद तथा जडानमा खर्च देखाएको छ ।

त्यस्तै आरएस कन्स्ट्रक्सनबाट ७ लाख ९४ हजार ८ सय १३ रुपैयाँमा ट्यूबवेल जडान र वडा नम्बर-५ मा २ लाख ९९ हजार १ सय ६४ रुपैयाँमा ट्यबवेल खरिद र जडान, आके कन्स्ट्रक्सन प्रालिबाट ३ लाख ९४ हजार १ सय ३५ रुपैयाँमा आइरनमुक्त ट्यूबवेल खरिद तथा जडानमा खर्च गरेको प्रतिवेदनमा देखाइएको छ । आके कन्स्ट्रक्सन प्रालिलाई भुक्तानी दिँदा ५८ हजार ९२ रुपैयाँ ओभरहेड भुक्तानी दिएकोले सो रकम असुल गर्न पनि प्रतिवेदनमा उल्लेख गरिएको छ ।

सो गाउँपालिकाले आर्थिक वर्ष ०७९/०८० मा पनि ३५ लाख रुपैयाँको ट्यूबवेल जडान गर्दा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार पालिकास्तरीय वा वडास्तरीय मागलाई एकीकृत गरी ठेक्का व्यवस्थापनको माध्यमबाट खरिद कार्य गर्नुपर्नेमा सो प्रक्रिया पनि पूरा गरेको छैन भने भुक्तानी गर्दासमेत स्थलगत अनुगमन गरी प्राविधिक प्रतिवेदनको बेगर नै गरिएको प्रतिवेदनमा जनाइएको छ ।

# मोटरसाइकल अनियन्त्रित हुँदा एक जनाको मृत्यु



टुडे समाचारदाता

जनकपुरधाम । आफै सवार मोटरसाइकल अनियन्त्रित भएर लड्दा धनुषाको क्षीरेश्वरनाथ नगरपालिकाको महेन्द्रनगरमा एक जना युवकको मृत्यु भएको छ ।

दुर्घटनामा क्षीरेश्वरनाथ नगरपालिका वडा नम्बर ८ स्थित दिगम्बरपुरका अन्दाजी ३० वर्षीय रामरतन महतोको मृत्यु भएको ईलाका प्रहरी कार्यालय महेन्द्रनगरले जनाएको छ ।

शनिबार दिउँसो जनकपुरधामदेखि महेन्द्रनगरतर्फ आउँदै गर्दा जनकपुरधाम-ढल्केवर सडक खण्डको महेन्द्रनगर नजिक तीव्रगतिमा रहेको मोटरसाइकल अनियन्त्रित भएर लड्दा टाउकोमा चोट लागेर गम्भीर घाइते भएका महतोको उपचारको क्रममा मृत्यु भएको छ ।

मधेश प्रदेश ०२००५प८७९५ नम्बरको रातो रंगको अपाची मोटरसाइकलमा सवार रहेका महतोको उपचारको क्रममा जानकी मेडिकल कलेज शिक्षण अस्पतालमा मृत्यु भएको इप्रका महेन्द्रनगरले जनाएको छ ।

# १३ सय बिरुवा लगाइयो

टुडे समाचारदाता

रौतहट । राष्ट्रिय वृक्षरोपण दिवस २०८२ को विशेष अवसरमा रौतहटमा पनि विभिन्न कार्यक्रमको आयोजना गरी मनाउनुका साथै १३ सय बिरुवा लगाइएको डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्त कुमार साहले जानकारी दिए ।



प्रदेश वन तथा वातावरण मन्त्रालय अन्तर्गत वन तथा वातावरण महाशाखाको समन्वयमा रौतहटको चन्द्रपुर स्थित वृक्षारोपण दिवस मनाइएको छ । उक्त अवसरमा वृक्षरोपण कार्य जनपक्षीय सामुदायिक वन उपभोक्ता समूह, चन्द्रपुर नगरपालिका ४ जुडी कोइरी छेउस्थित वन क्षेत्रमा १५०० बिरुवा रोपिएको छ। ५०० टिक, ३०० महागानी ३०० सतिसाल र २०० ईमलीको बिरुवाहरू रोपिएको डिवीजन प्रमुख साहले जानकारी दिए।उक्त वृक्षारोपण कार्यले वातावरणीय सन्तुलन कायम राख्न मद्दत पुऱ्याउने विश्वास लिइएको छ। कार्यक्रममा सहभागीहरूले वृक्षारोपणसँगै वन संरक्षण तथा संवर्धनमा सहयोग पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

कार्यक्रमको संयोजक डिभिजन वन कार्यालयका हेमन्त साहले बोल्दै रौतहट जिल्लामा हरियाली कायम गर्न तथा स्थानीयको जीवनस्तर उकास्न र बढ्दो तापक्रमलाई न्यूनीकरण गर्नको लागि वृक्षारोपण अत्यावश्यक रहेको बताए। डिभिजनल वन कार्यालयका अनुसार आगामी दिनमा समेत निरन्तर रूपमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिने जानकारी दिइएको छ ।

वन अधिकृत साहको अध्यक्षता तथा जिल्ला प्रशासन कार्यालय चन्द्रनिगाहपुरका प्रमुख जिल्ला अधिकारी मनोज प्रभाकर अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको कार्यक्रममा सशस्त्र प्रहरी, नेपाल प्रहरी, डिभिजन वन कार्यालय, रौतहटका कर्मचारीहरू, सामुदायिक वन उपभोक्ता महासंघका प्रतिनिधिहरू, विभिन्न सामुदायिक वनका प्रतिनिधिहरू तथा स्थानीय जनप्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार प्रत्येक वर्ष असार १४ देखि २० गतेसम्म वृक्षरोपण सप्ताह मनाइने गरिन्छ । उक्त अवसरमा देशभर वृक्षरोपण कार्यक्रमहरू सञ्चालन गरिँदै आएको छ ।

# सामाजिक सञ्जालमा सक्रिय सदस्यका लागि प्रशिक्षण गर्दै जसपा नेपाल

टुडे समाचारदाता

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालले सामाजिक सञ्जालमा सक्रिय रहेका सदस्यहरूको लागि दुई दिवसीय (आवासीय) प्रशिक्षण गर्ने भएको छ ।

सामाजिक सञ्जालहरूको प्रयोग र परिचालनलाई प्रभावकारी ढंगले व्यवस्थित गर्न तथा सूचना सञ्चार एवं प्रचार प्रसारको संयन्त्रलाई अझ बलियो बनाउन सामाजिक सञ्जाल प्रयोगकर्ताहरूलाई असार १६ र १७ गते जनकपुरधाममा प्रशिक्षण दिन लागिएको पार्टीका प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले जनाए ।



सामाजिक सञ्जाललाई लक्षित गरी पार्टीको केन्द्रीय आइटी सेल निर्माण गरी सञ्चालन गर्न प्रत्येक जिल्लाहरूबाट आइटी सेलमा आवद्ध भएर सामाजिक सञ्जालमा सक्रिय रहेका सदस्यहरूलाई पार्टी अध्यक्ष उपेन्द्र यादवलगायतका नेताहरूले प्रशिक्षण दिने उनले बताए ।

# सुदूरपश्चिमलाई राष्ट्रिय कबड्डीको उपाधि

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारको आयोजनामा भएको मुख्यमन्त्री अन्तरप्रदेश राष्ट्रिय कबड्डी प्रतियोगिता २०८२ को उपाधि सुदूरपश्चिम प्रदेशले जितेको छ ।

जनकपुरधाममा शनिबार मधेश प्रदेश र सुदूरपश्चिम प्रदेशबीच भएको फाइनलमा मधेश प्रदेशलाई ३६ अंकका विरुद्धमा ३७ अंकसहित सुदूरपश्चिम प्रदेश विजयी भएको छ ।

प्रतियोगितामा समान अंक ल्याएका लुम्बिनी तथा बागमती प्रदेश तृतीय स्थान प्राप्त गरेको छ ।




मधेश प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्रालयको आयोजनामा भएको प्रतियोगितामा विजयी भएका सुदूरपश्चिमले २५ हजार रुपैयाँ नगद, कप तथा स्वर्ण पदक प्राप्त गरेको छ ।

द्वितीय भएका मधेश प्रदेशले नगद २० हजार रुपैयाँ सहित कप तथा रजत पदक प्राप्त गरेका छन् । तृतीय स्थान प्राप्त गरेको बागमती तथा लुम्बिनी प्रदेशले नगद १५ हजार रुपैयाँ, कप तथा कास्य पदक प्राप्त गरे ।

सात वटै प्रदेशका खेलाडीहरू सहभागी प्रतियोगिता असार १२ गते शुरु भएको थियो ।

जलवायु परिवर्तनको असरबाट जोगिऔं

जलवायु परिवर्तनका असर:
- हिउँपग्लने र हिमाल नाङ्गा डाँडामा परिणत हुने,
- बाढी, पहिरो र सुख्खा बढ्दै जाने,
- कृषि प्रणालीमा असर पर्ने,
- जैविक विविधताको विनाश हुने,
- वातावरणीय प्रणालीमा प्रभाव पर्ने,
- तापक्रममा वृद्धि हुने,

जलवायु परिवर्तनबाट बच्न:
- नवीकरणीय उर्जाको प्रयोग गरौं,
- रुख रोपौं वनजंगलको संरक्षण गरौं,
- पुराना सवारी साधनको प्रयोग नगरौं,
- जलवायु शिक्षामा जोड दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८